# परिच्छेदः एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा शिक्षणका सापेक्षतामा भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकका बारेमा अन्य मुलुकमा धेरै अगाडिदेखि नै अध्ययन अनुसन्धान गर्न थालिएको भए पनि नेपालमा निकै पछाडि मात्र भएको देखिन्छ । भाषा शिक्षणमा अभ्यासको अत्यन्त महत्त्व रहेको हुन्छ । भाषा शिक्षणमा अभ्यासलाई केन्द्रविन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गरिनुपर्दछ । भाषा विचार आदनप्रदानको सशक्त माध्यम हो । भाषा सीपमूलक विषय भएको हुनाले प्रसस्त अभ्यासबाट मात्र भाषिक समक्षमता हासिल गर्न सकिन्छ । भाषिक सीपहरू अभ्यासका माध्यमले परिष्कृत हुँदै जाने भएकाले भाषालाई एउटा कलाका रूपमा लिने गरिएको पाइन्छ । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बद्ध कार्यकलापमा भाषा पाठ्यक्रममा आधारित हुन्छ । यसले अभ्यास तथा पुनरावृत्तिलाई उत्तिकै महत्त्व दिन्छ (ढुङ्गेल र दाहाल, २०६९:८१) ।

भाषा पाठ्यपुस्तकमा समावेश भएका अभ्यासहरूलाई नै नमुना अभ्यासका रूपमा लिनु पर्दछ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठको अध्ययन पश्चात शब्दार्थ, विभिन्न प्रश्नहरू, व्याकरणका प्रश्नहरू, अभ्यासका रूपमा राखिएका हुन्छन् । नमुना अभ्यासको विकासलाई केलाउँदा सर्वप्रथम भाषापाठ्यपुस्तकको विकास भएको पाइन्छ र त्यस पश्चात मात्र नमुना अभ्यासको विकास भएको पाइन्छ । पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुका आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यपुस्तकमा प्रयुक्त भएका पाठहरूको आधारमा नमुना अभ्यास तयार गरिन्छ ।

अभ्यासको ऐतिहासिक विकासक्रमलाई पहिल्याउँदै जाँदा पाठ्यपुस्तक निर्माणको विकासक्रममा पुगिन्छ । पाठ्यपुस्तक सर्वप्रथम वि.स. १९८५ मा देवशमशेरले स्थापना गरेको भाषा पाठशालाहरूमा शिक्षण गर्नका लागि जयपृथ्वीबहादुर सिंहले 'अक्षराङ्क शिक्षा' नामक पहिलो भाषा पाठ्यपुस्तक तयार गरेका थिए (अधिकारी, २०७३ : ११) । त्यस्तै वि.स. १९७० मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापनासँगै उक्त संस्थाले भाषा पाठ्शालाका लागि शिशु बोधिनी, गोरखा शिक्षा, आरोग्य शिक्षा तथा अङ्क गणितका पाठ्यपुस्तकहरू प्रकाशित गरेको पाइन्छ । यसरी नेपाली भाषा शिक्षण परम्परामा फेरि प्रगति हुन थालेको पाइन्छ । वि.स. २००७ सालको राजनैतिक

परिवर्तन पछि नेपाली भाषा वि.स. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना प्रारम्भसँगै नेपाली शिक्षणले ठूलो फड्को मारेको पाइन्छ (ढुङ्गेल र दाहाल, २०६९ : १४०) ।

सुरु सुरुका पाठ्यपुस्तकमा नमुना अभ्यासहरूमा विविधताको कमी देखिन्छ । अभ्यासहरू सीप सन्तुलन र तिनका विविध पक्षहरूको प्रतिनिधित्वका दृष्टिले सीमित पक्षमा मात्र केन्द्रित तथा अधुरा अपूरा देखिन्छन् । सुरु सरुका पाठ्यपुस्तकहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सीपको सन्तुलनमा कमै ध्यान दिइएको, सस्वर पठन, पठनबोध, श्रुतिबोध, उच्चारण, वर्णविन्यास, शब्दभण्डार, श्रुतिलेख, सिर्जनात्मक अभ्यास तथा प्रश्नगत विविधता र उपयुक्ततालाई कमै ध्यान दिएको पाइन्छ । २०३८ साल पछिका माध्यमिक तहका पाठ्यपुस्तकमा स्तरहीन प्रश्न र अभ्यासहरूका बाहुल्य देखिन्छ र २०५५ साल पछि मात्र सुधार हुन थालेको देखिन्छ । २०३८ साल पछिका पाठ्यक्रममा भाषाका कथ्य सीप ( सुनाइ र बोलाइ) लाई बाह्य वा औपचारिक मूल्याङ्कनमा नराखी कक्षा कार्यकलापमा मात्र सीमित गरिएकाले अभ्यासमा पनि त्यसको प्रभाव परेको देखिन्छ । पछिल्ला संस्करणका नमुना अभ्यासहरू सकेसम्म विविधता र सीप सन्तुलन ल्याउने प्रयास गरिएको, मौखिक, लिखित र सबै प्रकारका अभ्यासहरूको सन्तुलन मिलाइएको, पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरूको निर्माण गरिएको देखिन्छ । पहिलेका पाठ्यपुस्तकमा भन्दा वर्तमान पाठ्यपुस्तकहरूमा नमुना अभ्यासले विशेष परिष्कार पाएको देखिन्छ (पौडेल, २०६९:२९५) ।

भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सीप प्रमुख हुन्छन् । सुनाइ र लेखाइ सरल र पूर्ववर्ती सीप हुन् भने पढाइ र लेखाइ ती भन्दा जटिल र उत्तरवर्ती सीप हुन् । कक्षाको स्तरअनुसार सबै सीपहरूको शिक्षण गर्नु आवश्यक हुन्छ र कक्षा वास्तर वृद्धि हुँदै जाँदा ती सीपहरू पनि क्रमशः स्तरीकृत हुँदै जान्छन् । भाषिक सीप समृद्ध हुदै जानु भनेको भाषिक कलाको समृद्धि हुँदै जानु हो । भाषिक सीपको विकास नै भाषिक कलाको पनि विकास हो । त्यसैले भाषिक सीप र भाषिक कला एक अर्कासित अन्तरसम्बन्धित छन् । सीप तथा कला जति अभ्यास गर्‍यो त्यति समृद्ध कलाको विकासमा अभ्यासको सर्वाधिक महत्त्वहुन्छ (शर्मा र पौडेल, २०७२: ९३) ।

उपर्युक्त चर्चाबाट यो थाहा हुन्छ कि विद्यार्थीलाई भाषामा रुचि जगाई भाषिक सीप विकास गराउन नमुना अभ्यासले महत्त्वपूर्ण भूमिका खेलको हुन्छ । त्यसैले पाठ्यक्रमले निर्देशन गरे अनुरूपका सिकाइ उपलब्धि हासिल गर्न प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट रहेका नमुना

अभ्यासहरूलाई थप परिष्कृत र परिमार्जित गर्दै लैजानको लागि "कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन" शीर्षकमा शोधपत्र तयार गरिएकोछ ।

## समस्याको कथन

भाषा विचार आदन प्रदानको सशक्त माध्यम हो । भाषा सीपमूलक विषय भएको हुनाले प्रशस्त अभ्यास मात्र भाषिक सक्षमता हासिल गर्न सकिन्छ । भाषिक सीपहरू अभ्यासका माध्यमले परिष्कृत हुँदै जाने भएकाले भाषालाई एउटा कलाका रूपमा लिने गरिएको पाइन्छ । भाषिक सीपको शिक्षणमा उच्चारण, बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षाका लागि विषयवस्तु नै भरपर्दो माध्यम मान्न सकिन्छ । "भाषा शिक्षणको दक्ष हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ" (पौडेल, २०६९ : २२७) । पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्नका लागि विषयवस्तु समावेश गरी तयार गरिएको पाठ् सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासको विभिन्न आधारमा अध्ययन गरी भविष्यमा पाठ्यपुस्तक निर्माण सम्बन्धी कार्य पाठ्यपुस्तक निर्मातालाई आवश्यक पृष्ठपोषण दिनु पाठ्यपुस्तकलाई प्रभावकारी बनाउनु आजको आवश्यकता रहेकोले प्रस्तुत अध्ययन गरिएको छ ।

पाठ्यक्रमले निर्धारण गरेका कुन कुन उद्देश्यहरू पूरा गर्न के कस्ता सीपमूलक अभ्यासको व्यवस्था गरिएको छ, अभ्यासमा कुन तहका अभ्यासलाई कुन कुन विधामा प्राथमिकता दिएको छ, ती अभ्यासले पाठ्यक्रमको उद्देश्य पूरा गर्न कतिको प्रभावकारी भूमिका गर्न सक्छन् भन्ने कुरा ठम्याउनु नै यस अध्ययनको मुख्य समस्या रहेको छ ।

२०७४ सालको कक्षा नौको नेपाली पाठ्यपुस्तक पुरै परिवर्तन गरिएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास सम्बन्धी अध्ययन र अनुसन्धानबाट पाठ्यक्रम पाठ्यपुस्तकको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने भएकोले गहन अध्ययन अनुसन्धान हुनु जरुरीछ । प्रस्तुत "कक्षा नौको नेपाली भाषा पाठ्युस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन" शीर्षकमा भाषा पाठ्यक्रमका सापेक्षतामा भाषा पाठ्यपुस्तकको अध्ययन गरिनु र पाठ्यक्रम अनुरूप नमुना अभ्यासको तर्जुमा भएको छ वा छैन भनी निक्यौल गर्नु महत्त्वपूर्ण कुरा भएकोले यस शोधकार्यका समस्याहरू निम्नानुसार रहेका छन् :

*क) कक्षा नौका पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यासहरू राखिएका छन् ?*

*ख) ती नमुना अभ्यासहरू कुन कुन भाषिक सीपसँग सम्बन्धित छन् ?*

*ग) भाषिक सीप विकासका दृष्टिले नमुना अभ्यासहरू उपयुक्त छन् ?*

*घ) ती नमुना अभ्यासमा के कस्ता कमि कमजोरी रहेका छन् ?*

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

*क) कक्षा नौका पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासका स्वरूप निरूपण गरी वर्गीकरण गर्नु,*

*ख) भाषिक सीप विकासका आधारमा ती अभ्यासको विश्लेषण गर्नु,*

*ग) भाषिक सीप विकासको दृष्टिले कक्षा नौका नेपाली किताबका नमुना अभ्यासहरूको उपयुक्तता केलाउनु,*

*घ) अभ्यासमा देखिएका कमिकमजोरीहरू पत्ता लगाई सुधारका लागि सुझावहरू दिनु ।*

## अध्ययनको महत्त्व

भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन सम्बन्धी भएका अध्ययन र अनुसन्धानले यो क्षेत्र शोध कार्यको लागि आकर्षक रहेको देखिन्छ । भाषा शिक्षणलाई सुव्यवस्थित प्रभावकारी र उद्देश्यपूर्ण बनाउनका लागि भाषा पाठ्यक्रम निर्माण गरिनुपर्छ । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बद्ध कार्यकलापमा भाषा पाठ्यक्रममा आधारित हुन्छ । भाषिक सीपहरू अभ्यासका माध्यमले परिष्कृत हुँदै जाने भएकाले भाषालाई एउटा कलाका रूपमा लिने गरिएको पाइन्छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई पाठ्पुस्तकमा समाविष्ट गरी विद्यार्थी समक्ष पुऱ्याउनका लागि यस्ता अध्ययन अनुसन्धानबाट मद्दत मिल्छ । शिक्षक तथा विद्यार्थीले के कस्ता भाषिक सीपका लागि कस्ता नमुना अभ्यासलाई महत्त्व दिने भन्ने कुराको ज्ञान पाउन सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको प्रस्तुतिमा देखिएका कमजोरीहरू सुधार गर्न सहयोग पुग्छ । यसका साथै यसबाट शिक्षक तथा विद्यार्थीहरूको अन्तरक्रिया बढाउन सहयोग पुग्ने छ । भविष्यमा संशोधन गरिने पाठ्पुस्तकलाई स्तरीय बनाउनका लागि यस्ता अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ । साथै भावी अनुसन्धानताको लागि पनि यो शोधकार्य मार्ग निर्देशक हुने अपेक्षा गर्न सकिन्छ । त्यसैले यो शोधकार्य महत्त्वपूर्ण हुने देखिएको छ ।

## अध्ययनको परिसीमा

यस शोधकार्यलाई निम्नअनुसार सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली पाठ्यक्रम २०७१ र नेपाली किताब कक्षा ९ मा प्रयुक्त नमुना अभ्यासहरूको भाषिक सीप विकासका दृष्टिले अध्ययन गरिएको छ ।

ख) पाठ्यपुस्तकमा समाविष्ट अभ्यासलाई भाषिक सीप र तहगत आधारमा अध्ययन वर्गीकरण र विश्लेषण गरिएको छ ।

यी बाहेकका कुराहरू प्रस्तुत शोधका सीमाका रूपमा रहेका छन् ।

# परिच्छेदः दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## सैद्धान्तिक साहित्यको पुनरवलोकन

सिकाइमा अभ्यासले महत्त्वपूर्ण भूमिका खेलको हुन्छ विगतका कुराहरू स्मरण गर्न, सिकेका कुरालाई स्थायी बनाउन, त्यसमा गुणात्मकता थप्न, अभ्यासले मद्दत गरेको हुन्छ । विशेषतः अभ्यास कुनै सीपको विकासमा महत्त्वपूर्ण हुने दाबी व्यवहारवादी सिकाइ सिद्धान्तकारहरू गर्दछन् । अभ्यास तथा पुनरावृत्ति एवम् प्रयत्न र भूलका सिद्धान्तले नै भाषा सिकाइ प्रभावकारी हुन्छ (भट्टराई,२०६९ : २३९) । भाषा पाठ्यक्रममा नमुना अभ्यासहरू भाषिक सीप सन्तुलन मौखिक, लिखित र प्रयोगात्मक सबै प्रकारका अभ्यासहरूको सन्तुलन, निमार्णात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कनमा उपयोगी हुने खालका अभ्यास दिइएको र पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरूको निर्माण गरिएको हुन्छ (पौडेल, २०६९ : २९५) ।

मनोवादीहरू भाषा सिक्ने मान्छेको जन्मजात गुण हो तर यसमा वैयक्तिक भिन्नता हुन्छ भन्दछन् । उमेरको वृद्धि जसरी सहज रूपमा हुन्छ, त्यसरी नै भाषा सिकाइ पनि सहज रूपमा हुन्छ भन्ने कुरामा मनोवादी सिद्धान्त विश्वास गर्दछ (भण्डारी र पौडेल, २०७० : ४० ) । यस सन्दर्भमा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू समावेश गर्दा विद्यार्थीको उमेर, रुचि क्षमतालाई, ध्यानमा राखेर, छनोट गर्नु पर्ने देखिन्छ ।

कुराकानी, प्रश्नोत्तर, संवाद, कथा, कविता, चिठी, सारांश, समीक्षा, संक्षेपीकरण, विस्तृतीकरण, सृजना, प्रतिवेदन, दैनिकी, विज्ञापन, टिप्पणी, निवेदन, व्याख्यान कार्यकलापद्वारा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न सकिन्छ । सीप तथा कला जति अभ्यास गऱ्यो त्यति सवृद्ध र परिस्कृत हुँदै जाने भएकाले भाषिक सीप वा कलाको विकासमा अभ्यासको सर्वाधिक महत्त्व हुन्छ (शर्मा र पौडेल, २०७२:९३) ।

भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमका भाषिक उद्देश्य पूरा गर्ने गरी अभ्यासहरू राखिएको हुन्छ । अभ्यासहरूलाई सरलदेखि जटिलताको क्रममा राखिएको हुन्छ । अभ्यासको स्तर पनि कक्षा, विद्यार्थी क्षमता, रुचि र सिकाइ प्रवृत्ति अनुरूप राखिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सीपको सन्तुलित अभ्यासको व्यवस्था गरी राखिन्छ । पाठको प्रकृति र प्रस्तुति ढाँचासँग

मेलखाने गरी क्रमशः मौखिक, लिखित र प्रयोगात्मक अभ्यासको व्यवस्थासँगै सम्बन्धित पाठबाट उपर्युक्त व्याकरणात्मक अभ्यासहरू राखिएको हुन्छ (पौडेल, २०६९ : २७३) ।

भाषा अभ्यासबाट सिकिन्छ अर्थात भाषिक सीप आर्जनको निमित्त अभ्यासहरू राखिएको हुन्छ । पाठको प्रकृति अनुरूप व्याकरणात्मक अभ्यासहरू समावेश गर्न, माथिल्ला कक्षाहरूका अभ्यासहरूमा सम्बन्धित पाठबाट मुल सन्देश, पत्रगत चित्रण, जस्ता गहन प्रकृतिका प्रश्नहरूका साथै व्याकरणका क्षेत्रमा पनि सैद्धान्तिक प्रश्नहरू सोधिने भएकोले विद्यार्थीहरूलाई भाषाका चारै सीप विकास गर्न सहयोग पुऱ्याउने भएकाले पाठ्यपुस्तकमा अभ्यासहरू राखिएको हुन्छ (ढुङ्गेल र दाहाल, २०६९ : १२७ ) ।

## सम्बन्धित साहित्यको पुनरवलोकन

नेपाली भाषा पाठ्यपुस्तकभित्र समावेश भएका कथा कविता, जीवनी निबन्ध, प्रबन्ध र ती भित्रका अभ्यास, व्याकरण एवम् भाषाको विश्लेषणात्मक अनुसन्धान पूर्ववर्ती शोधार्थीहरूले धेरै गरेको पाइन्छ । नमुना अभ्यासको समष्टिगत अध्ययन भने त्यत्ति भएको पाइँदैन । त्यसैले यहाँ नमुना अभ्यासमा भएका केही शोधकार्यको समीक्षा गरिएको छ ।

घिमिरे (२०५५) द्वारा “निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासको अध्ययन” शीर्षकमा शोधपत्र तयार गरिएको छ । व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषण गर्नु, सबल र दुर्वल पक्षको पहिचान गर्नु, व्याकरण सम्बन्धी अभ्यास खण्डका सुधारका लागि निष्कर्ष र सुझाव दिने उद्देश्य राखिएको छ (घिमिरे, २०५५ : ४ ) । तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ (घिमिरे, २०५५ : १७ )। यस शोध अध्ययनबाट आधारभूत सीपगत उद्देश्य परिपूर्ति गर्ने गरी व्याकरणको अभ्यास निर्माण गर्न खोजिएको, अभ्यास प्रयोगात्मक ढङ्गका नभएको, बहुवैकल्पिक प्रश्नहरू समावेश नगरिएको, पाठ्यक्रमलाई अभ्यासले पछ्याउन नसकिएको निष्कर्ष निकालिएको छ (घिमिरे, २०५५ : ५४ )।

न्यौपाने (२०५७) द्वारा “कक्षा ९ र दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नेपाली व्याकरण अभ्यासको अध्ययन” शीर्षकमा शोधपत्र तयार गरिएको छ । कक्षा ९ र दसको नेपाली पाठ्यपुस्तकमा व्याकरण अभ्यासको तुलनात्मक अध्ययन गर्नु, कक्षा ९ र दसको व्याकरण अभ्यासको सबल र दुर्वल पक्ष पहिचान गर्नु, व्याकरण अभ्यासको विश्लेषण गर्ने उद्देश्यहरू राखिएको छ (न्यौपाने, २०५७ : २ ) । तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधि र

तुलनात्मक विधिको प्रयोग गरिएको पाइन्छ (न्यौपाने, २०५७ : १९ ) । यस शोधमा पाठ्यक्रमको उद्देश्य पूरा गर्न अभ्यासहरू सक्षम भएको, व्याकरण शीर्षकको लागि अभ्यासहरू प्रसस्त भएको, शिक्षक र विद्यार्थीको लागि उपयुक्त निर्देशन नभएकोले असुविधा भएको, पाठ्यक्रम अनुरूप विषयवस्तुको प्रस्तुतिकरण नमिलेको अभ्यास, बोलाइ सीपप्रति मौन रहेको निष्कर्ष निकालिएको छ ( न्यौपाने, २०५७ : ५० )।

खनाल (२०६३) द्वारा "कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन " शीर्षकमा शोधपत्र गरेको पाइन्छ । पाठ्यक्रमको उद्देश्य अनुरूप नमुना अभ्यास भए नभएको पत्ता लगाउनु, विधाको प्रयोजन अनुसार नमुना अभ्यासको तालमेल पत्ता लगाउनु, दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्ने उद्देश्यहरू राखिएको छ (खनाल,२०६३ : २) । सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि र तुलनात्मक विधिको प्रयोग गरिएको छ (खनाल, २०६३ : ४)। हाम्रो नेपाली किताबमा विपरीतार्थी शब्दहरूको बढी प्रयोग पारिभाषिक/प्राविधिक शब्दहरू कम प्रयोग, प्रयोगात्मक अभ्यासतर्फ बढी जोड परिचयात्मक अभ्यासतर्फ कम जोड, वाक्य परिवर्तन, विभक्ति, काल, भावसँग अभ्यासहरू बढी समावेश, विधागत अभ्यास र व्याकरणगत अभ्यासलाई छुट्टाछुट्टै दिएको निष्कर्ष निकालेको पाइन्छ भने 'सरल नेपाली शृङ्खलामा विधासँग सम्बन्धित अभ्यासतर्फ श्रुतिलेखन, अनुक्रमलेखन, विवेचनात्मक, अभ्यास समावेश गरिएको, प्रयोगात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नलाई जोड, लिङ्ग, वचन, विभक्ति, अपूर्ण पक्ष, पूर्ण पक्ष, पुरूष नमुना अभ्यासमा समावेश नगरिएको, व्याकरण विधागत अभ्याससँगै समावेश गरेको पाठ्यक्रमको उद्देश्य अनुरूप नमिलेको निष्कर्ष निकालेको पाइन्छ (खनाल, २०६३ : ५९)।

खतिवडा (२०६६) द्वारा "कक्षा दसको नेपाली भाषा पाठ्पुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन" शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उनको शोध कार्यको उद्देश्य कक्षा दसको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूको वर्गीकरण गर्नु, सबल र दुर्वल पक्ष पत्ता लगाउनु र नमुना अभ्यासभित्र रहेका शब्दभण्डार, हिज्जे र व्याकरणिक अभ्यासको विश्लेषण गरी सुधारका लागि सुझाव तयार गर्नु रहेको छ (खतिवडा, २०६६ : ३) । सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ (खतिवडा, २०६६ : १०) ।

भट्टराई (२०६७) द्वारा "कक्षा नौको भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन शीर्षकमा अध्ययन गरेको पाइन्छ । व्याकरण सम्बन्धी

अभ्यासहरूको विश्लेषण गर्नु, सबल र दुर्वल पक्षहरूको पहिचान गर्नु, निष्कर्ष र सुझाव दिने उद्देश्यहरू राखिएको छ (भट्टराई, २०६७ : २) । तथ्याङ्क सङ्कलनको लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ (भट्टराई, २०६७ : २)। सबै प्रकृतिका प्रश्नहरूलाई समेट्न नसकेको, समास सन्बन्धी अभ्यासहरू समाविष्ट गरिएको शब्द निर्माण सम्बन्धी पर्याप्त अभ्यासहरू समावेश गरिएको, शब्दवर्गमा पर्ने, नाम, सर्वनाम, विशेषण र क्रियापदपछि करण/अकरणलाई समावेश गरिएको, क्रियापद र अव्ययलाई क्रमबद्ध रूपमा नराखिएको भने अभ्यासहरू न्यून रहेको व्याकरणका अभ्यासहरू पाठसँग सम्बन्धित अभ्यासहरूलाई समावेश गरिएको निष्कर्ष निकालेको पाइन्छ (भट्टराई, २०६७ : ८२)। व्याकरण सम्बन्धी अभ्यासहरू प्रयोगमूलक हुनुका साथै सोही अनुसार सुधार हुनु पर्ने, अभ्यासमा सबै प्रकृतिका प्रश्नहरूलाई समावेश गर्नुपर्ने व्याकरण अभ्यासमा सोही अनुरूप वैज्ञानिकता ल्याउनु पर्ने, व्याकरणका अभ्यासहरू भाषाका सबै सीपहरू विकास हुने गरी निर्माण गर्नु पर्ने, सरल देखि जटिलताको क्रममा राख्नुपर्ने जस्ता उपयुक्त सुझाव समेत प्रस्तुत गरेको पाइन्छ (भट्टराई, २०६७ : ८४)।

खतिवडा (२०६९) द्वारा “भाषिक सीप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन” शीर्षकमा अध्ययन गरेको पाइन्छ । उक्त शोधपत्रमा नमुना अभ्यासको स्वरूप निरूपण गरी वर्गीकरण गर्नु, भाषिक सीपका आधारमा अभ्यासको अध्ययन गर्नु, अभ्यासहरूको उपयुक्तताको अध्ययन गर्नु उद्देश्यहरू राखिएको छ (खतिवडा, २०६९ : २)। तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । नमुना अभ्यासहरू विधाअनुरूप रहेको, सरल देखि जटिलताको क्रममा रहेको, भाषिक सीप विकासमा सहयोग पुऱ्याएको, पर्याप्त निर्देशनको अभाव, अभ्यासहरू स्तरभन्दा जटिल, वस्तुगत प्रश्नमा ध्यान नदिएको, सिर्जनात्मकताको अभाव, सुनाइ र बोलाइ सीपलाई कम महत्त्व दिइएको निष्कर्ष निकालिएको पाइन्छ (खतिवडा, २०६९ : ५७) । पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासलाई क्रियाकलापमुखि र भाषिक सीप विकासमा केन्द्रित गराउनु पर्ने, स्पष्ट निर्देशन दिनुपर्ने, समूहकार्य गर्ने खालका अभ्यासहरू समावेश गर्नु पर्ने, वैयक्ति रुचिलाई समेट्न सक्ने अभ्यास राख्नु पर्ने, मूल्याङ्कन प्रणालीमा चारवटा सीपलाई पाठ्यक्रमको उद्देश्य अनुरूप समान महत्त्व दिई मूल्याङ्कन गर्नु पर्ने जस्ता उपयुक्त सुझाव समेत प्रस्तुत गरेको पाइन्छ (खतिवडा, २०६९ : ५९)।

पोखरेल (२०७३) द्वारा ‘कक्षा छको नेपाली पाठ्यपुस्तक (२०७१) मा समाविष्ट व्याकरणको अध्ययन’ शीर्षकमा शोधकार्य गरेको पाइयो । यस शोधकार्यको उद्देश्यहरूमा पाठ्यक्रम र

पाठ्यपुस्तकमा समावेश व्याकरणका पक्षहरूको अध्ययन गर्नु, सबल र दुर्वल पक्षहरू पत्ता लगाउनु आदि रहेका छन् (पोखरेल, २०७३ : ८) । तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय, वर्णनात्मक, सर्वेक्षण, विधिको प्रयोग गरिएको छ (पोखरेल, २०७३ : १७)। वस्तुगत प्रश्नहरू कार्यमूलक व्याकरण खण्डमा समावेश नगरिएको, पाठसँग सम्बन्धित गराएर व्याकरणका अभ्यासहरू समावेश गरिएको व्याकरण अभ्यास खण्डमा शब्दकोशको प्रयोग सम्बन्धी कुनै निर्देशन नदिएको, व्याकरणका विविध पक्षहरूलाई विद्यार्थीको तह, स्तर अनुसार नै दिइएको आदि निष्कर्ष निकालिएको छ (पोखरेल, २०७३ : ५१) ।

सुवेदी (२०७३) द्वारा " कक्षा नौको नेपाली भाषा पाठ्यपुसतक (२०६४) र नेपाली भाषा पाठ्यपुसतक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन" शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उनको यस शोधकार्यमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्नु, कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट कक्षा नमुना अभ्यासको विश्लेषण गर्नु नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभयासको तुलनात्मक विश्लेषण गर्ने उद्देश्य राखिएको छ (सुवेदी, २०७३ : ४) । तथ्याङ्क सङ्कलनका लागि पुस्तकालय विधि र तुलनात्मक विधिको प्रयोग गरिएको पाइन्छ (सुवेदी, २०७३ : १३)। यस अध्ययनले नमुना अभ्यासमा हुने त्रुटि केलाई त्रुटि सुधार गर्नु पर्ने निष्कर्ष निकालेको छ (सुवेदी, २०७३ : ६२) ।

प्रस्तुत शोधपत्रहरूको शीर्षकहरूलाई केलाएर हेर्दा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास सम्बन्धी प्रसस्त अध्ययन भएको पाइन्छ । विभिन्न तहका नमुना अभ्यास सम्बन्धी भएका फरक फरक अध्ययनले पाठ्यपुस्तकमा समाविष्ट अभ्यासका कमिकमजोरी साथै उपयोगीतालाई औल्याएको पाइन्छ । नयाँ परिमार्जित पुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन शीर्षकमा यो शोधकार्य गर्ने प्रयास गरिएको छ ।

## पुनरवलोकनको उपादेयता

पूर्व साहित्यहरूको पुनरवलोकनहरूले यस शोधकार्यको लागि आवश्यक तथ्य र ऐतिहासिक पृष्ठभूमि खोज्ने कार्यको लागि ठूलो सहयोग पुऱ्याएको छ । यस कार्यले यो भन्दा अघि कुन कुन विषयमा, के कति आधारमा अध्ययन गरिएको छ भन्ने कुरा अवगत गराई यस अध्ययनको क्षेत्र र आधार तय गर्न सहयोग पुऱ्याएको छ । यसका साथै पूर्व साहित्यको पुनरवलोकनले सैद्धान्तिक र व्यावहारिक पक्षहरूको खोजी गर्न महत्त्वपूर्ण सहयोग मिलेको छ । यस अध्ययन नमुना अभ्याससँग


सम्बन्धित रहेकाले यस शोधपत्र निर्माण गर्न नमुना अभ्यासका अध्ययनहरूमा अभ्यासको सीपगत र तहगत आधारमा नमुना अभ्यासको वितरण, शब्दार्थ, शब्दभण्डारको वितरण आदिको अध्ययन गर्ने तरिका समेत प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

नमुना अभ्याससँग सम्बन्धित अध्ययन कार्य प्रसस्त भएको पाइन्छ । यद्यपी यी पूर्व अध्ययनलाई मात्र पर्याप्त मान्न सकिदैन । त्यसैले २०७१ सालमा पाठ्यक्रम परिवर्तन भई २०७४ सालको शैक्षिक सत्रदेखि पठनपाठन भइरहेको नेपाली पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासको उपयुक्तता, सान्दर्भिकता, कमीकमजोरीसँग सम्बन्धित अध्ययन तत्कालीन समयमा भएको छैन । त्यसैले प्रस्तुत शीर्षकमा शोधकार्य गर्नु उपयुक्त हुने अपेक्षा गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावलाई मध्यनजर गर्दै आगामी दिनमा कमीकमजोरी सुधार गर्न मद्दत पुग्दछ ।

## अवधारणात्मक ढाँचा

विद्यार्थीले कुनै पनि कुरामा ज्ञान हासिल गर्नका लागि सक्रिय हुनु आवश्यक छ । सिकाइले मानिसलाई व्यवहारमा अभ्यस्त बनाउन मद्दत मिल्छ । यस सन्दर्भमा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न प्रकारका अभ्यासहरूले विद्यार्थीहरूमा विविध भाषिक सीपको विकास गर्नुका साथै सिकाइप्रति सक्रिय हुन मद्दत पुग्ने देखिन्छ । प्रस्तुत शोधकार्य निम्नअनुसारको सैद्धान्तिक र अवधारणात्मक ढाँचा अनुरूप अघि बढाइएकोछ :

**अवधारणात्मक ढाँचा**




माथि प्रस्तुत गरिएको चित्रात्मक ढाँचाबाट प्रस्तुत 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन' शीर्षकमा गरिने अध्ययनको छोटो रूपरेखा स्पष्ट देख्न सकिन्छ । प्रस्तुत चित्रात्मक ढाँचा अनुसार कक्षा नौको भाषा पाठ्यपुस्तकको अध्ययन गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको स्वरूप निरूपण र वर्गीकरण गरिएको छ । पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासहरूलाई विधागत आधारमा सीपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । नमुना अभ्यासको उपयुक्तताको अध्ययन गरिएको छ र अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा आश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेदः तीन

# अध्ययनको विधि र प्रक्रिया

## अध्ययनको ढाँचा र विधि

प्रस्तुत शोध पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । विश्लेषणका लागि सम्बन्धित विषयवस्तुको गहन अध्ययन गरी सैद्धान्तिक आधारमा तयार पारिएकोछ । अध्ययन र विश्लेषणकालागि पाठ्यक्रम विकास केन्द्र सानोठिमीद्वारा प्रकाशित पाठ्यक्रम र पाठ्यपुस्तकलाई आधार मानिएको छ । विश्लेषणमा अध्ययनबाट प्राप्त तथ्याङ्कलाई वर्गीकरण गरी तालिकामा देखाइएकोछ । तिनै आधारमा किताबमा भएका अभ्यासलाई सीपगत र तहगत रूपमा वर्गीकरण गरी प्रस्तुत गरिएकोछ । सीप अन्तगर्त सुनाइ, बोलाइ, पढाइ, लेखाइमा विभाजन गरी तालिकामा देखाइएको छ । भाषिक सीपलाई सङ्ख्या तालिकामा देखाइएकोछ । यसै गरी तहगत आधारमा विशिष्टीकरण तालिकाले प्रश्नको तहमा गरेको वर्गीकरणलाई आधार मानी ज्ञान, बोध, व्यावहारिक सीप र उच्च दक्षतालाई आधार मानी तालिकामा देखाइएकोछ ।

## अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक (२०७४) मा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन गरिएको छ । विद्यालयका पाठ्यपुस्तकहरूमा कक्षाको स्तरअनुरूपको संयोजन कमी हुनुका साथै पाठ्यपुस्तकमा समेटिएका ती अभ्यासहरू सबै भाषिक सीपको विकास गर्न सक्षम देखिदैनन् । यी कुराले गर्दा भाषा शिक्षकलाई पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासका माध्यमबाट भाषाका विविध सीपको विकासका साथै स्पष्ट दिशाबोध नभएकाले सो क्षेत्रलई समावेश गर्ने गरी यो अध्ययन गरिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधपत्रलाई प्रभावकारी तरिकाले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्नको लागि पुस्तकालयीय विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक स्रोतका रूपमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक (२०७४) र माध्यमिक शिक्षा  पाठ्यक्रम (२०७१) लाई लिइएको छ । त्यसैगरीसामग्रीका रूपमा विभिन्न पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, अन्य व्यक्तिहरूका सल्लाह र सुझावलाई लिइएको छ ।

## तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

व्याख्या विश्लेषण शोधकार्यका लागि महत्त्वपूर्ण मानिन्छ । प्रस्तुत अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधलाई पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाईतालिकीकरण र प्रतिशताङ्क प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । यसका साथै व्याख्यात्मक र वर्णनात्मक विधिको पनि प्रयोग गरिएको छ ।

# परिच्छेदः चार

# व्याख्या र विश्लेषण

## कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकको परिचय

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । समाजको आवश्यकता, सिकारूको माग, समसामयिक परिवर्तन तथा सिकाइ प्रविधिको नवीनता आदिका आधारमा विद्यालयस्तरका पाठ्यक्रम पाठ्यपुस्तकमा समय सापेक्ष परिवर्तन गरिदै आएको छ । वि. स. २०६४ मा लेखिएको पाठ्यपुस्तकलाई माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१ अनुरूप परिमार्जन गरी विकास गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले सबै भाषाहरूलाई राष्ट्रभाषा र नेपालीलाई राष्ट्रिय भाषाको रूपमा मान्यता प्रदान गरेको छ । नेपाली भाषा सम्पर्क, सञ्चार तथा सरकारी कामकाजको भाषाको रूपमा प्रयोग भइरहेको छ । भाषा पाठ्यपुस्तक भाषा शिक्षण गर्ने शिक्षक तथा विद्यार्थी दुवैका लागि महत्त्वपूर्ण हुन्छ ।

परिमार्जित कक्षा नौको पाठ्यपुस्तकको आवरण पृष्ठ रङ्गिन र आकर्षक रहेको छ । पाठ्यपुस्तकको आवरणको कागज पातलो, प्लाष्टिक कोटेड नगरिएको खुम्चिने खालको रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा अक्षरहरूको छपाई स्पष्ट रूपमा नदेखिने, कतै अक्षरहरू छुटेको पाइन्छ । यस पाठ्यपुस्तकको बेन्डिङ्ग मजबुद र टिकाउ नभएको देखिन्छ ।

कथा विधा अन्तर्गत जन्मभूमि, प्रत्यागमन, लक्ष्मीपूजा र माउजङ बाबुबाहेबको कोट गरी जम्मा चारवटा कथा समावेश गरिएको पाइन्छ । कविता विधा अन्तर्गत सन्तुष्टि, वर्षा, म सडक बोल्दै छु गरी जम्मा तीन वटा कविता समावेश गरिएको देखिन्छ । जीवनी विधा अन्तर्गत सन्दुक रुइत र क्लारा जेटकिन दुई वटा राष्ट्रिय र अन्तराष्ट्रिय प्रेरक व्यक्तित्वको जीवनीलाई समावेश गरिएको पाइन्छ । निबन्ध विधा अन्तर्गत थाङ्का, हाम्रो संस्कृति र जयभुँडी तीन वटा निबन्धहरू व्यावसायिक, संस्कृतिक र सामाजिक क्षेत्रका रहेका छन् । रूपक विधाअन्तर्गत म पनि सक्छु ( मनोवाद) स्थानीयकरण भन्दा व्यापारीकरण बेस (वादविवाद), टीका (एकाङ्की) गरी जम्मा तीन वटा पाठलाई समावेश गरेको पाइन्छ । चिठी विधा, अन्तर्गत एक वटा  व्यापारिक चिठीलाई पनि समावेश गरिएको छ ।

परिमार्जित नेपाली भाषा पाठ्यपुस्तकमा जति सक्दो बढी विधाका विषयवस्तु मूलतः विद्यार्थीको रुचि, स्तर र सामाजिक वातावरण अनुकूल राखिएको छ । भाषा पाठ्यपुस्तकमा अभ्यास योजनाको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रत्येक पाठको अन्त्यमा पाठ सकिएपछि अनिवार्य रूपमा अभ्यासहरू समावेश गरिएको हुन्छ । यस पाठ्यपुस्तकमा पनि भाषिक सीप विकासका लागि नमुना अभ्यासहरूलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार वटै सीपमा छुट्टछुट्टै प्रस्तुत गरिएको छ । यस पाठ्यपुस्तकमा आवश्यकता हेरी सान्दर्भिक चित्रहरूको प्रयोग गरिएको छ तर चित्रहरू स्पष्ट, उपयुक्त आकारका र आकर्षक नभएको देखिन्छ ।

नेपाली भाषा पाठ्यपुस्तकको शिक्षणीय प्रयोजन भाषिक सीप विकास गराउने भए पनि यसमा समावेशी ढङ्गले विभिन्न विधा र क्षेत्रका विषयवस्तु समेटिएको छ । वि. स. २०७१ को पाठ्यक्रम अनुरूप २०६४ को परिमार्जित कक्षा नौको नेपाली पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठरू समावेश गरिएको छ । जसमा चार वटा कथा, तीनवटा कविता, दुईवटा जीवनी, तीनवटा निबन्ध, एकवटा चिठी र रूपक विधा अन्तर्गत मनोवाद, वादविवाद र एकाङ्की एक एक  वटा गरी जम्मा सोह्रवटा पाठहरू रहेका छन् । नेपाली भाषा पाठ्यक्रमले निर्धारित गरेका भाषिक सीपहरूलाई हासिल गर्नका लागि निम्न विधाको क्षेत्र र क्रम तालिका निर्धारण गरेको छ :

तालिका १ विधाको क्षेत्र र क्रम तालिका

| क. स. | विधा | क्षेत्र | पाठशीर्षक |
|---|---|---|---|
| १. | कथा | क. लोककथा १ | अनारको बोट |
| | | ख. ऐतिहासिक कथा १ | निद्रा |
| | | ग. सामाजिक कथा १ | डाक्टर अङ्कल |
| | | घ. सामाजिक कथा १ | बन्धनबाट मुक्ति |
| २. | कविता | क. संस्कृति प्रधान १ | यात्रा सुरु गरौँ |
| | | ख. प्रकृति प्रधान १ | वसन्त कोकिल |
| | | ग. समाजप्रधान १ | सय रङ इन्द्रेनी |
| ३. | जीवनी | क. राष्ट्रिय प्रेरक व्यक्तित्व १ | सङ्गीतज्ञ रामशरण दर्नाल |
| | | ख. अन्तराष्ट्रिय/ विचारक १ | आङ सान सुकी |
| ४. | निबन्ध | क. आत्मपरक१ | म को हुँ ? |
| | | ख. सांस्कृतिक १ | जैविक खेती |
| ५. | रूपक | क.वक्तृता१ | मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व |
| | | ख. दैनिकी१ | मङ्गलाका तीन दिन |
| | | ग. सम्वाद१ | महिला हिंसा |
| ६. | चिठी | व्यक्तिगत १ | बहिनीलाई चिठी |
| | | सामुहिक १ | छात्रावास |

स्रोत : मा. शि नेपाली पाठ्यक्रम, २०७१

यस पाठ्यपुस्तकमा समावेश कथाहरू विभिन्न क्षेत्रका रहेका छन् : पौराणिक, सामाजिक र मनोवैज्ञानिक । संस्कृतिप्रधान, प्रकृतिप्रधान र समाजप्रधान क्षेत्रलाई कविता विधाले समेटेको छ । जीवनीमा राष्ट्रिय र अन्तराष्ट्रिय प्रेरक व्यक्तित्वलाई समावेश गरिएको छ । निबन्ध विधामा व्यवसायिक, सांस्कृतिक र सामाजिक क्षेत्रका निबन्ध रहेका छन् । नेपाली भाषा पाठ्यक्रमले विविध क्षेत्र र भाषाभाषीलाई समेत समन्वयात्मक रूपले महत्त्व दिनु जरुरी छ । यसरी नेपाली

भाषाशिक्षणका निर्धारित उद्देश्य प्राप्त गर्न भाषाका पाठ्वस्तु छनोटका रूपमा विविधीकरण हुनु पर्दछ । भाषापाठ्यपुस्तकमा समावेश गरिने पाठहरूमा विधागत सन्तुलन मिलाउनका साथै हरेक भाषाभाषीको पहुँच र महत्त्व रहने विषय क्षेत्रलाई समेट्नु पर्ने मान्यता अनुरूप नेपाली भाषा पाठ्यक्रमले केही हदसम्म यसलाई सम्बोधन गर्न खोजेको देखिन्छ । यस कक्षा नौको परिमार्जित पाठ्यपुस्तक (२०७४) ले विद्यार्थीहरूलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन र स्वाध्ययन गरेर सिक्न समेत सहयोग पुऱ्याएको पाइन्छ साथै पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ ।

## नमुना अभ्यासको परिचय

भाषा अभ्यासबाट सिकिन्छ अर्थात् भाषिक सीप आर्जनका निमित्त अभ्यास महत्त्वपूर्ण हुन्छ । तसर्थ प्रत्येक पाठका अन्तिममा पाठसँग सम्बन्धित अभ्यासहरू पाठ्यपुस्तकमा समाविष्ट गरिएको हुन्छ । तल्ला कक्षाका भाषा पाठ्यपुस्तकका अभ्यास खण्डमा पहिले मौखिक त्यसपछि मात्र लिखित अभ्यासहरू समावेश गर्नुपर्दछ । त्यसै गरी पाठको प्रकृति अनुरूप व्याकरणात्मक अभ्यासहरू समावेश गर्नुपर्दछ । माथिल्ला कक्षाहरूका अभ्यासहरूमा सम्बन्धित पाठको मूल सन्देश, पात्रगत चित्रण जस्ता गहन प्रकृतिका प्रश्नहरू सोध्न सकिन्छ भने व्याकरणका क्षेत्रमा पनि सैद्धान्तिक प्रश्नहरू सोध्न सकिन्छ (ढुङ्गेल र दाहाल, २०६९: १२७) ।

सुरुसुरुका पाठ्यपुस्तकमा नमुना अभ्यासहरूमा विविधताको कमी देखिन्छ । अभ्यासहरू सीप सन्तुलन र तिनका विविध पक्षहरूको प्रतिनिधित्वका दृष्टिले सीमित पक्षमा मात्र केन्द्रित तथा अधुरा अपूरा देखिन्छन् । सुरुसुरुका पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सीपको सन्तुलनमा कमै ध्यान दिइएको, सस्वर पठन, पठनबोध, श्रुतिबोध, उच्चारण, वर्णविन्यास, शब्दभण्डार, श्रुतिलेख, सिर्जनात्मक अभ्यास तथा प्रश्नगत विविधता र उपयुक्ततालाई कमै ध्यान दिइएको पाइन्छ । २०३८ साल पछिका माध्यमिक तहका पाठ्यपुस्तकमा स्तरवृद्धि प्रश्न र अभ्यासहरूको बाहुल्यता देखिन्छ र २०५५ साल पछि मात्र सुधार हुन थालेको देखिन्छ । २०३८ साल पछिका पाठ्यक्रममा भाषाका कथ्य सीप (सुनाइ, बोलाइ) लाई बाह्य वा औपचारिक मूल्याङ्कनमा नराखी कक्षा कार्यकलापमा मात्र सीमित गरिएकाले अभ्यासमा पनि त्यसको प्रभाव परेको देखिन्छ । पछिल्ला संस्करणका नमुना अभ्यासहरू सकेसम्म विविधता र सीप सन्तुलन ल्याउने प्रयास गरिएको, मौखिक, लिखित र सबै प्रकारका अभ्यासहरूको सन्तुलन मिलाइएको, पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरूको

निर्माण गरिएको देखिन्छ । पहिलेका पाठ्यपुस्तकमा भन्दा वर्तमान पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासले विशेष परिष्कार पाएको देखिन्छ (पौडेल, २०६९: २९५) ।

भाषा सिकाइमा अत्यन्त महत्त्वपूर्ण क्रियाकलाप अभ्यास हो । अभ्यासलाई भाषा सिकाइको मेरूदण्डको रूपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नगरी सम्भव हुँदैन । भाषा सिकाइका लागि विषयवस्तु सम्बद्ध विधाहरू मात्र शिक्षण सामग्रीका लागि पर्याप्त हुँदैनन् । भाषा सिकाइलाई प्रभावकारी रूपले सञ्चालन गर्न नमुना अभ्यास महत्त्वपूर्ण सामग्री देखिन्छ । नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरू पाठ्यक्रमको मर्म अनुरूप नै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरूको विकासमा केन्द्रित रहेका छन् । कक्षा नौको पाठ्यपुस्तकमा सुनाइ सीप विकासका लागि श्रुतिलेख, श्रुतिबोध, सुनाइका आधारमा प्रश्नोत्तर, वस्तु वा घटना वर्णन आदि नमुना अभ्यास रहेका छन् । बोलाइ सीप अन्तर्गत शुद्ध उच्चारण, प्रश्नोत्तर, कुराकानी, छलफल आदि अभ्यासहरू रहेका छन् । पढाइ सीप अन्तर्गत सस्वरवाचन गर्ने, पठनबोध अन्तर्गत प्रश्नोत्तर, सारांश, प्रश्नहरूको उत्पादन आदि अभ्यास रहेका छन् । लेखाइ सीप अन्तर्गत सप्रसङ्ग व्याख्या, विवेचनात्मक उत्तर, प्रश्नोत्तर, अनुलेखन, सारांश, बुँदा टिपोट आदि अभ्यासहरू रहेका छन् । यसरी भाषिक सीप विकासका लागि पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारऔटै सीपलाई छुट्टाछुट्टै राखी नमुना अभ्यासहरू राखिएको छ ।

यसरी प्रत्येक पाठको अन्तिममा पाठसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको देखिन्छ । एक, दुईवटा पाठमा भने पाठको प्रकृति अनुरूप अभ्यासहरू समावेश नगरिएको देखिन्छ । विद्यार्थीको स्तर अनुरूप कठिन मानिएका शब्दलाई प्रत्येक पाठको प्रत्येक पृष्ठको अन्त्यमा प्रस्तुत गरिएको छ । यसो गर्दा विद्यार्थीलाई शब्दार्थ बोध गरी पठनपाठन गर्न सहयोग पुगेको देखिन्छ । यसरी पाठको शब्दार्थ खण्डमा पर्यायवाची, विपरीतार्थक, अनेकार्थक, श्रुतिसमभिन्नार्थक र उखान टुक्का आदिलाई समावेश गरिएको पाइन्छ । पाठमा दिइएका अभ्यास भाषिक सीपसँग सम्बन्धित अभ्याससँग, व्याकरणसँग सम्बन्धित अभ्यास, सिर्जनात्मक अभ्यास र परियोजना कार्यसँग सम्बन्धित अभ्यासलाई छुट्टाछुट्टै शीर्षकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । व्याकरणसँग सम्बन्धित अभ्यासहरूमा धातु, काल, पक्ष, शब्दवर्ग, शब्दनिर्माण, वाक्य र यसका प्रकार, वाक्य परिवर्तन, कारक र विभक्ति, वाच्य परिवर्तन, वर्णविन्यास आदि राखिएको छ । यस पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासले कल्पनात्मक र सिर्जनात्मक किसिमले कुनै पनि विषयलाई लिखित रूपमा स्वतन्त्र र मौलिक रूपमा आफ्नै शैलीमा अभिव्यक्त गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ

। सिर्जनात्मकसँग सम्बन्धित अभ्यासहरूमा बुँदाहरू समेटेर कथा लेख्ने, जीवनी तयार पार्ने, कविता लेख्ने मनोवाद लेख्ने, निबन्ध लेख्ने आदि अभ्यासहरू राखिएको पाइन्छ । परियोजनासँग सम्बन्धित अभ्यासहरूमा विवरण सङ्कलन गरी जीवनी लेख्ने, सारांश लेख्ने आदि रहेका छन् । वस्तुगत प्रश्नहरूलाई पनि यसमा समावेश गरेको पाइन्छ । वस्तुगत अभ्यासहरूमा ठिक बेठिक, जोड मिलाउने, खाली ठाउँ भर्ने र बहुवैकल्पिक रहेका छन् । भाषिकसीप मूल्याङ्कनका लागि निम्न अनुसार प्रश्नहरूको निर्माण गरेर पढाइ तथा लेखाइ सीपको परीक्षण गर्नुपर्ने छ :

तालिका२ :  पढाइ तथा लेखाइ सीपको परीक्षण गर्न छुट्याइएको अङ्कभार

| क्र.स. | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्द पहिचान | ६ |
| | | शब्दहरूको वाक्यमा प्रयोग | |
| २ | वर्ण विन्यास | शुद्धीकरण | ३ |
| ३ | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटिअनुसारको रचना) | १५ |
| ४ | पठनबोध | विभिन्न विधाका गद्य सामग्री | १० |
| ५ | बुँदा टिपोट र साराशं | गद्य विधा | २+३ |
| ६ | निर्देशित रचना | कथा/ जीवनी वा संवाद/ वादविवाद/चिठी | ४ |
| ७ | भावविस्तार/व्याख्या/सप्रसङग व्याख्या | कथा/ कविता/निबन्ध/जीवनी | ४ |
| ८ | पाठगत बोध (सन्दर्भमा आधारित संक्षिप्त उत्तरात्मक) | कथा, कविता, प्रबन्ध, निबन्ध, जीवनी, तार्किक शिल्प, समस्या समाधान | ८ +४ |
| ९ | पाठगत बोध (सन्दर्भमा आधारित लामो उत्तरात्मक) | कविता, कथा, प्रबन्ध निबन्ध, जीवनी | ८ |
| १० | स्वतन्त्र रचना | निबन्ध | ८ |
| | जम्मा | | ७५ |

स्रोत : मा. शि. नेपाली पाठ्यक्रम, २०७१

नेपाली भाषाको मूल्याङ्कन गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको मापन गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई आधार मानिन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत

प्रयोगात्मक कार्य वा परियोजना कार्य, सम्पर्क कक्षा सहभागिता, सिकाइसम्बद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ व्यवहारमा आएको परिवर्तन आदि निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा, हाजिरीजवाफ, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरू पर्दछन् । शिक्षण सिकाइका क्रममा प्रयोगात्मक कार्यकलाप गराउनुपर्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको मूल्याङ्कन गरिन्छ । कक्षा नौ र दसमा सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन र ७५ प्रतिशत पढाइ र लेखाइको मूल्याङ्कन गरिएको छ ।

## भाषिकसीप विकासका दृष्टिले नमुना अभ्यासको अध्ययन

भाषा अभ्यास तथा पुनरावृत्तिबाट सिकिन्छ । कुनै पनि कुरालाई निरन्तरता पूर्वक दोहोऱ्याइ रहेको खण्डमा विविध ढङ्गले आवृत्ति हुने हुँदा विद्यार्थीको भाषिक सीपमा दक्षता प्राप्त हुन्छ । सीप भन्ने कुरा जति बढी अभ्यास गऱ्यो त्यति नै बढ्दै र निखारिँदै जान्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा नमुना अभ्यासमा विद्यार्थीका लागि अभ्यास गर्ने प्रशस्त अवसरहरू दिइएको पाइन्छ । उक्त अभ्यास पाठ्यपुस्तकको उद्देश्य प्राप्तिमा सहायक सिद्ध हुने खालको देखिन्छ । शिक्षक तथा विद्यार्थी दुवैका लागि नमुना अभ्यासले थप क्रियाकलाप गर्ने मार्गदर्शक बन्न सहयोग पुऱ्याइएको छ । नमुना अभ्यासका क्रियाकलापबाट नै पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्राप्ति सम्भव भएको देखिन्छ ।

यहाँ कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासलाई मुख्य दुई तरिकाले वर्गीकरण गरी सोही बमोजिम अध्ययन र विश्लेषण गर्न सकिन्छ :

*क. सीपगत आधारमा*

*ख. तहगत आधारमा*

भाषाका चार वटासीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकास गर्ने उद्देश्यले के कस्ता नमुना अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ भनी अध्ययन वर्गीकरण र विश्लेषण गरिएको छ । भाषा सिकाइमा चारै सीपहरूलाई अत्यन्त महत्त्वपूर्ण रूपमा लिइन्छ । त्यसैगरी तहगत आधारमा नमुना अभ्यासलाई मुख्य चार तहमा वर्गीकरण र विश्लेषण गरिएको छ । जस अन्तर्गत ज्ञान, बोध, व्यावहारिक सीप र उच्च दक्षतालाई समावेश गरिएको छ ती मध्ये ज्ञान तहमा विषयवस्तुको ज्ञानलाई जोड दिने खालका अभ्यासहरू राखिएका छन् । यस्ता अभ्यासमा भाषिक सीप विकास गर्ने कार्यकलाप भन्दा विषयवस्तुगत संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित अभ्यासहरू

दिइएको छ । बोध तहमा कुनै विषय पढेर, सुनेर अर्थात ग्रहण गरेका आधारमा बुझ्ने र अरूलाई बुझाउने सीप सम्बद्ध अभ्यासहरू समावेश गरिएको छ । व्यावहारिक सीप सम्बद्ध अभ्यासहरूमा विद्यार्थीले सिकेका कुरालाई व्यवहारमा देखाउने खालका क्रियाकलापहरू राखिएका छन् । उच्च दक्षताको तहमा विद्यार्थीले संज्ञानात्मक एवम् बोध दुवै प्रकारका दक्षतालाई अभिव्यक्ति गर्ने क्रियाकलापसँग सम्बन्धित अभ्यासलाई समेटिएको छ । यस्ता क्रियाकलापमा व्याख्या गर्ने, सारांश लेख्ने, विश्लेषण गर्ने, विवेचना, सप्रसङ्ग व्याख्या गर्ने आदि अभ्यासहरू राखिएको छ ।

यसरी वर्गीकरण, विश्लेषणको प्रमुख आधार अभ्यासका लागि दिइएको निर्देशनलाई मानिएको छ । यसको आधारमा विधा र पाठभित्रका अभ्यासको अध्ययन गरी वर्गीकरण र विश्लेषण गरिएको छ । यी नमुना अभ्यासमाप्रत्येक विधाभित्रका पाठमा समाविष्ट नमुना अभ्यासको गणना गरी तथ्याङ्क प्रस्तुत गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमध्ये केही निम्न छन् :

*१. मानिसमा मात्र होइन अन्य प्राणीमा पनि सेवाको पैँचो तिर्ने प्रवृत्ति पाइदो रहेछ कथाका आधारमा व्याख्या गर्नुहोस् । (पृष्ट : ९) ।*

*२. गति यति र लय मिलाई कविता वाचन गर्नुहोस् । (पृष्ठ १५) ।*

*३. उपयुक्त उत्तरमा ठिक (Ĕ ) चिह्नदिनुहोस् ।*

*क) पूर्ण भुतकालको वाक्य कुन हो ?*

*कवि काव्य लेख्छन् ।*

*कविले काव्य लेखेका थिए ।*

*कवि कविता लेख्दै छन् ।        (पृष्ठ : ११८)*

*४. विद्यालयमा खानेपानीको व्यवस्था गर्न प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् । (पृष्ठ : १४३) ।*

## *सीपगत आधारमा उद्देश्यहरूको वर्गीकरण*

परिमार्जित पाठ्यक्रम (२०७१) ले निर्धारण गरेको उद्देश्यलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपगत सक्षमतामा वितरण गरिएको छ । यसरी पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई सीपगत रूपमा निम्नअनुसार वर्गीकरण गरिएको छ :

तालिका ३ : सीपगत आधारमा उद्देश्यहरूको वर्गीकरण

| | सु. बो. | पढाइ | लेखाइ |
|---|---|---|---|
| उद्देश्य सङ्ख्या | १५ | ११ | १२ |
| प्रतिशत | ३९.४७% | २८.९५% | ३१.५८% |

स्रोत : मा.शि. नेपाली पाठ्यक्रम, २०७१

मा.शि. नेपाली पाठ्यक्रम (२०७१) अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सीपका लागि ३९.४७ प्रतिशत, पढाइका लागि २८.९५ प्रतिशत र लेखाइका लागि ३१.५८ प्रतिशत उद्देश्यहरू निर्धारण गरेको देखिन्छ । यसरी मा.वि. तहमा सुनाइ र बोलाइलाई महत्त्व दिँदै पढाइ र लेखाइ सीपको विकासमा विद्यार्थीहरूलाई अभ्यस्त गर्नुपर्ने भाषा शिक्षणको नियमलाई अनुसरण गरेको देखिन्छ ।

सुनाइ र बोलाइ सीपअन्तर्गत गति र लय ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्ने, साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्ने, गति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको अभिप्रायको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्ने, मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न, देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्ने,प्रसङ्ग र सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गर्ने आदि उद्देश्यहरू रहेका छन् । पाठ्यक्रमले निर्धारण गरेका यि उद्देश्यहरू पूरा गर्नका लागि कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा सुनाइ र बोलाइका लागि निम्न अनुसार अभ्यासहरू रहेको पाइन्छ :

*१. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :*

*आरोहण, झोक्का, चकित, निस्पट्ट, प्राङ्गण, सहिष्णुता (पृष्ठ १४) ।*

*२. तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :*

*अल्पाहार, छाउपडी, क्षार प्रधान श्रेयस्कर, सेवन, शल्य चिकित्सा (पृष्ठ ५७) ।*

*३. तलका उखान टुक्कालाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :*

आङै जिरिङ्ग हुनु, लहैलहैमा लाग्नु, र्‍याल चुहाउनु, एक थुकी सुकी सय थुकी नदी, हुने विरुवाको चिल्लो पात (पृष्ठ ४७) ।

यस पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सीप अन्तर्गत समाविष्ट नमुना अभ्यासहरू पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप प्रस्तुत गरिएको देखिन्छ ।

त्यसैगरी पढाइ सीप अन्तर्गत जम्मा ११वटा उद्देश्यहरू समावेश छन् । यस अन्तर्गत लिखित सामग्रीलाई गति,यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न, निश्चित समय तोकी सन्दर्भ र भाव अनुसार गति मिलाई पढ्न, मौन पठनमा पढाइको विकास गर्ने गरी छिटो छिटो पढ्न हिज्जे र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्ने आदि उद्देश्यहरू राखिएको पाइन्छ ।

पाठ्यक्रमले पढाइ सीप विकासका लागि निर्धारण गरेका उद्देश्यहरू पूरा गर्नका लागि नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् :

*१. गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् (पृ. १५) ।*

*२. वक्तृताको छैटौ अनुच्छेदलाई मनमनै पढ्नुहोस र त्यसमा अभिव्यक्त भएका विचारहरूलाई आफ्नै मौलिक शैलीमा लेख्नुहोस् (पृ. ४८) ।*

*३. पाठको पाँचौ र छैटौँ श्लोक पढी छोटो उत्तर आउने तिन वटा प्रश्न निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् । (पृ. ७३)*

लेखाइ सीप अन्तर्गत १२वटा उद्देश्यहरूसमावेश छन् । जसअन्तर्गत वर्णविन्यास र लेख्य चिह्नहरू मिलाइ लेख्ने, विभिन्न सूचना सङ्कलन गरी तिनको संश्लेषण गरी लेख्न, कुनै पनि शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न, पढेका विषयका मुख्य मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न, साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न, उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न, पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्ने जस्ता सीप विकास गर्ने उद्देश्य राखिएको पाइन्छ ।

यसरी पाठ्यक्रमले लेखाइ सीप विकासका लागि निर्धारण गरेका उद्देश्यहरू पूरा गर्नका लागि नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू निम्नअनुसार रहेका छन् :

*१. प्रस्तुत पाठ पढेपछि सामाजिक रुपान्तरणका बारेमा आफ्नो धारणा लेख्नुहोस् (पृ.१३६) ।*

*२. कथाको दोस्रो अनुच्छेदलाई एक तृतीयंश हुने गरी सारांश लेख्नुहोस् (पृ.१५६) ।*

*३. बाल बालिकालाई बजारिया खाना खाजाका रुपमा नदिई घरेलु खानेकुरामा नै जोड दिन आग्रह गर्दै गाउँमा खेती गरी बस्नु भएका मामालाई चिठी लेख्नुहोस् । (पृ.५७) ।*

यसरी भाषापाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न भाषा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरी सोही बमोजिम पाठहरू राखिएको हुन्छ । पाठको प्रकृति अनुरूप अभ्यासहरू समावेश गरिएको हुन्छ । अभ्यासमा नै विद्यार्थीको अपेक्षित उपलब्धि स्तर निर्भर हुने गर्दछ । त्यसैले विद्यार्थीलाई अपेक्षित उद्देश्य पूरा गर्न तिनै अभ्यासका आधारमा क्रियाशिल गराउनु पर्दछ । यहाँ कक्षा नौको नेपाली किताब (वि. सं. २०७४) मा समाविष्ट नमुना अभ्यासको सीपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

## विधागत आधारमा नमुना अभ्यासको अध्ययन

कक्षा नौको नेपाली पाठ्यपुस्तक ( वि. सं.२०७४) मा मा. शि. पाठ्यक्रम २०७१ लाई मूल आधार मानी निर्माण गरिएको छ । पाठ्यपुस्तकका विधाको विश्लेषण गरेर अभ्यास निर्माण गरिन्छ । विधाको प्रतिनिधित्व हुने गरी अभ्यास निर्माण गरिएको हुन्छ । भाषापाठ्यवस्तु समावेश गरिने पाठहरूमा विधागत सन्तुलन मिलाउनुका साथै हरेक भाषाभाषी समान पहुँच र महत्त्व रहने विषय क्षेत्रलाई समेट्नु पर्ने मान्यता अनुरूप नेपाली भाषा पाठ्यक्रमले केही हदसम्म यसलाई सम्बोधन गर्न खोजेको देखिन्छ ।

पाठ्यपुस्तकका रूपमा विधाहरूको छनोट सुनाइ, बोलाइ, पढाइ र लेखाइ अभ्यासका लागि गरिएको हुँदा विधाहरूको क्षेत्र र क्रममा पाठगत सीप उल्लेख नभए पनि पाठअनुसार सीपहरूको संयोजन र शिक्षण यसका आधारमा तयार हुने पाठुयपुस्तक तथा कक्षा शिक्षणका क्रममा हुनु आवश्यक छ । विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणमा उल्लेख भएका पाठहरूमा प्रयोग भएका आधारमा उपयुक्तता अनुसार शब्दहरूलाई केन्द्रविन्दु मानी विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ (मा.शि. पाठ्यक्रम, २०७१) ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रका विषयवस्तु समेटिएको छ । विधामा आधारित पाठहरूलाई तिनको प्रस्तुति र प्रकृति अनुसार नमुना अभ्यासहरू समावेश गरिएको हुन्छ ।माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१ ले निर्धारण गरेको विधागत क्षेत्र तथा क्रमअनुसार नै कक्षा नौको पाठ्यपुस्तक (वि.सं. २०६४) को व्यवस्था गरेको छ । विभिन्न विधाको माध्यमबाट शिक्षार्थीमा भाषिक दक्षता अभिवृद्धि गराउन नमुना अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ विधागत आधारमा नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको सीपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरी प्रतिशताङ्क समेत प्रस्तुत गरिएको छ :

## *कथा विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण*

नेपाली भाषा पाठुयपुस्तकमा कथा रोचक विधा भएकोले भाषिक सीपहरूको विकास गर्न सहयोग पुग्दछ । कथा शिक्षणको प्रयोजन नै साहित्यिक आनन्द प्रदान गर्नु, मनोरञ्जन दिनु, कथाप्रति रुचि वृद्धि गर्नुका साथै नैतिक उपदेश, अनुशासित र सिर्जनशील क्षमताको विकास गराउनु हो । मा.वि. तह कक्षा नौको पाठ्यपुस्तकमा लोककथा, ऐतिहासिक र दुई वटा सामाजिक कथा गरी जम्मा चार वटा कथाहरू समावेश छन् । कथा विधामा कथनशैली, पठनसीप, बोध जस्ता उच्च दक्षताको क्रियाकलाप गराउने अभ्यासहरूका साथै शब्दभण्डार र पठन सीप सम्बद्ध अभ्यासहरूलाई समेत समावेश गर्नुपर्दछ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधा अन्तर्गतका पाठमा समावेश गरिएका नमुना अभ्यासलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

तालिका ४ : सीपगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण

| क्र.स. | पाठ/सीप | सु. | बो. | प. | ले. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | अनारको बोट | ४ | ४ | ६ | ८ | २२ |
| २ | निद्रा | ३ | ४ | ६ | ९ | २२ |
| ३ | डाक्टर अङ्कल | ३ | ४ | ४ | ७ | १८ |
| ४ | बन्धनबाट मुक्ति | ४ | ३ | २ | ७ | १६ |
| | जम्मा | १४ | १५ | १८ | ३१ | ७८ |
| | प्रतिशत | १७.९५ | १९.२३ | २३.०८ | ३९.७४ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७४

तालिका नं. ४ मा हेर्दा कथा विधामा जम्मा चारवटा पाठमा समाविष्ट नमुना अभ्यासका जम्मा ७८ मध्ये १४ (१७.९५%) सुनाइ, १५(१९.२३%) बोलाइ, १८(२३.०८%) पढाइ, ३१(३९.७४%) लेखाइ सीप सम्बद्ध देखिन्छ । तालिकाका सीपहरूको वर्गीकरणले एकीकृत र अन्तर्सम्बन्धात्मक स्थितिलाई देखाउँछ । यसबाट भाषा शिक्षण सिकाइमा सीपहरूको एकीकृत विकासलाई महत्त्व दिने कुरा उल्लेख छ । कथा रोचक र प्रभावकारी विधा भएकाले यसमा सबै सीपसम्बद्ध अभ्यासहरू श्रुति रचना, सुनाइका आधारमा प्रश्नोत्तर, वस्तु वा घटना वर्णन, वर्ण र वाक्य विभेदीकरण आदि रहेका छन् :

*१. पाठको तेस्रो र चौथो अनुच्छेदकोश्रुति लेखन गर्नुहोस् (पृष्ठ ६) ।*

*२. पाठको  तेस्रो र चौथो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस्:*

*(क) चन्द्रशमसेर भाइ भतिजासँग कसरी बोल्थे?*

*(ख) चन्द्रशम्सेरले फत्य र गेहेन्द्रलाई के के गरे? (पृष्ठ ६४) ।*

*३. कथाको तेस्रो अनुच्छेद सुनेर तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् (पृ. ११०) ।*

*क) सीतापुर गाउँ कहाँ थियो ?*

*ख) त्यस गाउँका मानिसहरूको पेसा के थियो ? (पृ. १०४)*

*४. कथा सुनेका आधारमा तलका भनाइ कसले कसलाई भनेका हुन्,पत्ता लगाई भन्नुहोस् ।*

*क) म कहाँबाट यस बुढालाई पाल्न सक्छु ।*

*ख) भाइ म खहरेले बगाएर ल्याइ बगरमा फालिएको बग्रेठो थिएँ ।*

बोलाइ सीपअन्तर्गत शुद्धउच्चारण, प्रश्नोत्तर, कुराकानी, छलफल आदि अभ्यासहरू रहेका छन् :

*५. शुद्धउच्चारण गर – प्रदूषण, यातायात, ओतप्रोत, अनुपस्थित, मट्याङ्ग्रो (पृ. ६)*

*६. कल्पलताले ढुकुरलाई गरेको सेवा र ढुकुरले कल्पलतालाई तिरेको गुनमा तपाई कुनलाई बढी महत्वपूर्ण मान्नुहुन्छ ? साथीहरुका बिचमा छलफल गरेर निष्कर्ष बताउनुहोस् । ( पृ. ७)*

*७तपाईले सुनेको वा पढेको कुनै कथा साथीलाई छोटकरीमा सुनाउनुहोस् । (पृ. ६५)*

पढाइ सीप अन्तर्गत सस्वरवाचन गर्ने, शब्दको अर्थ बताउने, पठनबोध अन्तर्गत प्रश्नोत्तर आदि अभ्यासहरू रहेका छन् :

*८. पाठका विभिन्न अनुच्छेदहरु पालैपालो सस्वर बाचन गर्नुहोस् । (पृ. ७)*

*९. पाठका अनुच्छेदहरु हाउभाउसहित पालैपालो पढ्नुहोस् । (पृ.६५)*

*१०. कथाका अनुच्छेदहरुलाई सस्वर पठन गर्नुहोस् । आफ्नो पठनमा कुनै कमी कमजोरी भएको भएमा सुधारका लागि सुझाव दिन साथीहरुलाई आग्रह गर्नुहोस् । (पृ. १५५)*

लेखाइ सीप अन्तर्गत सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने, प्रश्नोत्तर, अनुलेखन, सच्चाएर पुनर्लेखन गर्ने, सारांश लेखन, बुँदा टिपोट गर्ने आदि अभ्यासहरू रहेका छन् :

*११. अनारको बोट लोक कथाको सारांस लेखी कक्षामा प्रस्तुत गर्नुहोस् (पृ. ८)*

*१२. भाव विस्तार गर्नुहोस्*

*कलेज खोलेर मैले आफ्ना खुट्टामा आफैँले बन्चरो हानेँ । (पृ. ६६)*

*१३. अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :*

*बेचैनी, बिनासित्तीमा, रोलक्रम, राजीनामा, आकर्षित (पृ. ६७) ।*

*१४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :*

*क) पतिपत्नी सँगसँगै जान त सबै चाहन्छन् । तर एउटाले बिजोग बेहोर्नै पर्छ । (पृ. १५६)*

यसरी भाषिक सीप विकासका आधारमा कथा विधाको अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई छुट्टाछुट्टै प्रस्तुत गरिएकाले विविध लक्ष्य पूरा हुन सक्ने हुँदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । कथा विधामा अन्य सीपभन्दा लेखाइ सीपका अभ्यासहरूको सङ्ख्या अधिक रहेको पाइन्छ । कथा विधामा जम्मा ७८ अभ्यासहरूमध्ये लेखाइ सीपमा ३१वटा अभ्यासहरू रहेका छन् । चार वटा कथा मध्ये सबैभन्दा बढी आनारको बोट र निद्रा कथामा २२वटा र सबैभन्दा कम बन्धनबाट मुक्ति कथामा १६वटा अभ्यासहरू रहेका छन् । माथिल्लो कक्षामा पढाइ तथा लेखाइ सीपलाई महत्त्व दिनुपर्ने पाठ्यक्रमको मर्मलाई अभ्यासले सार्थक बनाउने प्रयास गरेको छ ।

### *कविता विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको विश्लेषण*

सामान्य रूपमा हेर्दा कविद्वारा सृजना गरिएको लयात्मक, श्रुतिमधुर र साङ्गीतिक प्रस्तुति नै कविता हो । कविता शिक्षणको मुख्य उद्देश्य लयबोध, भावबोध, र उच्चारण संस्कारको विकास गर्नु हो । कविता शिक्षण गर्दा विशेषत : लययुक्त सस्वर वाचन, भाव पहिचान, प्रश्नोत्तर, सारांश, भाव विस्तार आदिसँग सम्बन्धित कार्यकलापरू गराउनु पर्दछ । साथै आवश्यकता हेरी विद्यार्थीहरूलाई कविताको  अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्ति गराउनु पनि उपयुक्त हुन्छ । (मा. शि. नेपाली पाठ्यक्रम, २०६४) । जीवन जगतको रागात्मक ललित अभिव्यक्तिले गर्दा लयबद्ध भई प्रकट हुने कविता पनि भाषिक कला स्वरूप साहित्यकै एक विधा हो । यसमा लयात्मक एकलापका कथन पद्धतिको प्रयोग गरी जीवन जगत वा मानवीय मनका भावनाको सौन्दर्यपूर्ण अभिव्यक्ति गरिएको हुन्छ (भण्डारी र पौडेल, २०७०: २ )

कविता साहितियक रसास्वादनका लागि महत्त्वपूर्ण विधा भएकोले मा. वि तह कक्षा नौका विद्यार्थीहरूलाई कविता सिर्जना गर्ने तर्फ प्रेरित गर्नुपर्दछ । यसबाट कल्पनात्मक, भावनात्मक तथा सिर्जनशिलतामा सहयोग गराउन सकिन्छ । जस्तै : सस्वरवाचन, अन्ताक्षरी प्रतियोगिता, कविता प्रतियोगिता, कवि सम्मेलन आदिमा विद्यार्थीलाई क्रियाशील बनाउन सके प्रभावकारी हुन्छ । यहाँ कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधा अन्तर्गतका पाठमा समावेश गरिएका नमुना अभ्यासलाई निन्नअनुसार वर्गीकरण गरिएको छ :

तालिका५ : सीपगत आधारमा कविता विधाका नमुना अभ्यासको वर्गीकरण

| क्र.स. | पाठ/सीप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | यात्रा सुरु गरौँ | ४ | ७ | ४ | ४ | १९ |
| २ | वसन्त कोकिल | ३ | ४ | ४ | ६ | १७ |
| ३ | सय रङ इन्द्रेणी | ३ | ४ | ३ | ९ | १९ |
| | जम्मा | १० | १५ | ११ | १९ | ५५ |
| | प्रतिशत | १८.१८ | २७.२७ | २० | ३४.५५ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७४

तालिका नं. ५ मा हेर्दा कविता विधामा जम्मा ३ वटा पाठमा समाविष्ट नमुना अभ्यासका जम्मा ५५वटा अभ्यास मध्ये १० वटा सुनाइ सीपअन्तर्गत रहेको छ । यो सङ्ख्या कुल अभ्यास

सङ्ख्याको १८.१८ प्रतिशत हो । बोलाइ सीपका लागि १५वटा अभ्यासहरू अर्थात २७.२७% रहेकोछ । पढाइ सीपका लागि ११ वटा अभ्यासहरू अर्थात २०% रहेको छ । लेखाइ सीपका लागि १९वटा अभ्यासहरू अर्थात ३४.५५% रहेको छ । माथिका तालिका अनुसार कविता विधामा सबैभन्दा बढी लेखाइ सीपका अभ्यासहरू रहेका छन् भने सुनाइलाई१० (१८.१८%) र पढाइसीपलाई ११ (२०%) महत्त्व दिइएको र बोलाइ सीपका लागि १५ (२७.२७%) अभ्यासहरू समावेश गरेको तथ्य तालिकाले देखाउँछ ।

यसमा पनि कथा विधाका पाठमा जस्तै सुनाइ सीपसम्बद्ध अभ्यासहरू श्रुतिलेखन, सस्वरवाचन, प्रश्नोत्तर आदि अभ्यास पर्दछन् ।

*१. कविताको चौथो गद्यांशको त्रुति लेखन गर्नुहोस् । (पृ. १४) ।*

*२. वसन्त कोकिल कविता सुनेर त्यसैअनुसार पालैपालो वाचन गर्नुहोस् ।(पृ. ७२) ।*

बोलाइ सीप अन्तर्गत वाचन गर्ने, शुद्ध उच्चारण, छलफल, संवाद, प्रश्नोत्तर आदि अभ्यासहरू पर्दछन् ।

*३. तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् ।*

*आँटोपिठो, सिर्जना, निर्माण, पौरख, सयपत्री, ऐँचोपैँचो (पृ. १२३) ।*

*४. पाठका आधारमा वसन्त ऋतुमा देखिने परिवर्तनका बारेमा समूहमा छलफल गर्नुहोस् । (पृ. ७३) ।*

*५. तलका पश्नको उत्तर भन्नुहोस् :*

*क) वसन्त कोकिल कविताका कवि को हुन् ?*

*ख) कवितामा कुन श्लोक बढी राम्रो लाग्यो र किन ? (पृ. ७३)*

*पढाइ सीप अन्तर्गत वाचन गर्ने, मौखिक उत्तर दिने, प्रश्नोत्तर आदि अभ्यास पर्दछन् ।*

*६. कविताको मौन पठन गरी सोधिएका प्रश्नहरुको सङ्क्षिप्त उत्तर दिनुहोस् :*

*(क) कस्तो यात्रा सुरु गर्नका लागि कविले आह्वान गरेका छन् ?*

*(ख) यात्रा सुरु गर्नका लागि समय किन अनुकूल छ ? (पृ. १५)*

*७. शिक्षकको निर्देशनमा पाठका पुरै पङ्क्तिहरू गति, यति र लय मिलाई पालैपालो वाचन गर्नुहोस् (पृ. १२३)*

लेखाइ सीप अन्तर्गत सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने, सङ्क्षिप्त उत्तर, व्याख्या गर्ने आदि अभ्यासहरू पर्दछन् जस्तै :

*८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :*

*(क) चपाउँदै मस्त भएर बेसरी*

*कुहू कुहू गर्दछ त्यो घरी घरी । (पृ. ७४) ।*

*९. कविताको मूल भावको विवेचना गर्नुहोस् (पृ. १२४) ।*

*१०. कविताको प्रत्येक गद्यांशको आशय लेख्नुहोस् । (पृ. १६)*

यसरी भाषिक सीप विकासका लागि कविता विधाको अभ्यास अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ बोलाइ पढाइ र लेखाइ सीपलाई छुट्टाछुट्टै प्रस्तुत गरेकाले विविध लक्ष्य पूरा हुन सक्ने हुँदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । कविता विधामा जम्मा ५५वटा अभ्यास मध्ये लेखाइ सीपमा १९ वटा अभ्यासहरू रहेका छन् । ३ वटा कविता मध्ये सबैभन्दा बढी सय रङ इन्द्रेणी मा र यात्रा सुरु गरौं मा १९ वटा अभ्यासहरु रहेका छन् । सवैभन्दा कम वसन्त कोकिल कवितामा १७ वटा अभ्यासहरु रहेका छन् ।

## *निबन्ध विधा अन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण*

निबन्ध विधा साहित्यको सरल देखि जटिल क्षेत्रलाई समेट्न सक्ने विधा हो । कुनै पनि विषयवस्तुलाई आत्मपरक वा वस्तुपरक ढङ्गले लघु आयाममा कलात्मक पाराबाट अभिव्यक्त गरिएको विधा नै निबन्ध हो । माध्यमिक तहमा वस्तुपरक र आत्मापरक निबन्धको शिक्षण बढी उपयोगी मानिन्छ । यसबाट भाषाका विविध पक्ष तथा लेख्य सीपको विकासमा मद्दत पुग्दछ । निबन्ध लेख्न कुनै विषयको शीर्षक दिएर वा प्रमुख बुँदाहरू उल्लेख गरेर पनि दिन सकिन्छ । निबन्ध विधाको मुख्य उद्देश्य भन्नु नै विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै लेखाइ क्षमताको विकास गर्नु हो । निबन्धहरूको भाषिक सीप विकासको अभ्यास गराउँदा, मौनपठन,

प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोगका साथै सस्वर पठन, व्याख्या, सारांश, भावविस्तार, श्रुतिलेखन, बुँदा टिपोट जस्ता अभ्यास गराउनु उपयुक्त हुन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा विभिन्न क्षेत्रका निबन्धका पाठहरू समावेश गरिएका छन् । उक्त निबन्ध विधाका पाठमा समाविष्ट नमुना अभ्यासलाई निम्नअनुसार वर्गीकरण र विश्लेषण गरिएको छ :

तालिका ६: सीपगत आधारमा निबन्ध विधाको अभ्यासको वर्गीकरण

| क.स. | पाठ/सीप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | म को हुँ | ४ | ४ | ४ | ९ | २१ |
| २ | जैविक खेती | ३ | ३ | ४ | १० | २० |
| | जम्मा | ७ | ७ | ८ | १९ | ४१ |
| | प्रतिशत | १७.०७ | १७.०७ | १९.५१ | ४६.३४ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७४

प्रस्तुत तालिकामा हेर्दा निबन्ध विधामा जम्मा २ वटा पाठमा जम्मा ४१ अभ्यासहरू रहेको पाइन्छ । यि तीन निबन्धका पाठहरू प्राविधिक/ व्यावसायिक, सांस्कृतिक र सामाजिक क्षेत्रका रहेका छन् । सुनाइ र बोलाइसीपका लागि ७/७वटा अभ्यासहरू रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको १७.०७% रहेको छ । पढाइ सीपका लागि ८ वटा अभ्यासहरू रहेका छन् अर्थात १९.५१% रहेको छ ।  लेखाइ सीपका लागि १९ वटा अभ्यासहरू रहेका छन् अर्थात ४६.३४% रहेको छ । दुईवटा पाठहरू मध्ये सबैभन्दा बढी म को हुँ निबन्धमा २१वटा अभ्यासहरू रहेका छन् । त्यसपछि जैविक खेती निबन्धमा २० वटा अभ्यासहरू समावेश छन् ।

सुनाइ सीप अन्तर्गतका अभ्यासहरू निम्न अनुसार रहेका छन् : जस्तै,

*१. पाठको चौधौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् । (पृ. ३५) ।*

*२. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :*

*क) जैकि खेतीको सुरुआत कहिले भयो ?*

*ख) उद्योग धन्दाको सुरुआतपछि के भयो ? (पृ. ८४)*

बोलाइ सीप अन्तर्गतका अभ्यासहरू निम्न अनुसार रहेका छन् :

*३. तलका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :*

*प्राङ्गारिक, औद्योगिक, पृष्ठभूमि, आविष्कार, प्रतिरोधात्मक, अम्लीयपन (पृ. ८४) ।*

*४. रासायनिक खेतीका फाइदा र बेफाइदाबारे कक्षामा छलफल गर्नुहोस् । ( पृ. ८४) ।*

*५. तपाई आफूलाई कसरी चिनाउनुहुन्छ ? आफ्ना बारेमा बुँदा बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । (पृ. ३६) ।*

पढाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखित रहेका छन् :

*६. चौथो र पाँचौं अनुच्छेदलाई सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपाईलाई कति समय लाग्यो, शिक्षकलाई सोध्नुहोस् । (पृ. ३६) ।*

*७. पाठमा प्रयोग भएका प्राङ्गारिक, उर्वरा शक्ति, पराग सेचन जस्ता प्राविधिक शब्द टिपोट गर्नुहोस् । (पृ. ८५) ।*

लेखाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखित रहेका छन् :

*८. निबन्धका मुख्य मुख्य सन्देशका बारेमा विवेचना गर्नुहोस् । (पृ. ३६) ।*

*९. व्याख्या गर्नुहोस् :*

*(क) पृथ्वीका प्राणी र वनस्पतिबिचमा लिने दिने प्रक्रिया चक्र झैँ घुमिरहन्छ । (पृ. ८६) ।*

*१०. तलका शब्दको विपरीत अर्थ हुने शब्द लेख्नुहोस् :*

*ठुलो, शत्रु, सफा, मरुभूमि, कृत्रिम, निर्यात (पृ. ८६) ।*

यसरी भाषिक सीप विकासको आधारमा निबन्ध विधाको अभ्यास अध्ययन गर्दा सबैभन्दा बढी म को हुँ मा २१ र सबैभन्दा कम जैविक खेतीमा २० वटा अभ्यासहरु रहेका छन् ।

### ***जीवनी विधा अन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण***

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ । कुनै व्यक्तिको जीवन चरित्र अभिव्यक्त गर्न लेखिएको गद्य रचना जीवनी हो । जीवनी अन्तर्गत राष्ट्रिय व्यक्तित्वको

परिचय दिई उनीहरूले गरेका योगदान, आदर्श एवम् अनुकरणीय प्रयासहरूका बारेमा विद्यार्थीसँग परिचित गराइन्छ । यसका साथै व्यक्तिको चरित्र निर्माण तथा सकारात्मक भावनाको विकास गरी जीवनलाई विशिष्ट मार्गनिर्देशन गर्नु पनि जीवनी शिक्षणको महत्त्वपूर्ण पक्ष हो । माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४ का अनुसार जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सीपको विकास गर्नु हो । यो विधा विशिष्ट व्यक्तित्व एवम् चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर तथा  मौनपठन, पठनबोध, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग , श्रुतिलेखन जस्ता क्रियाकलाप गराउनु पर्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाका पाठमा समाविष्ट नमुना अभ्यासलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

तालिका७ : सीपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण

| क.स. | पाठ/सीप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सङ्गीतज्ञ रामशरण दर्नाल | ३ | ४ | ३ | ८ | १८ |
| २ | आङ सान सुकी | ३ | ६ | ५ | ७ | २१ |
| | जम्मा | ६ | १० | ८ | १५ | ३९ |
| | प्रतिशत | १५.३८ | २५.६४ | २०.५१ | ३८.४६ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७४

माथिको तालिका नं. ७मा हेर्दा जीवनी विधाका पाठमा जम्मा २ वटा पाठहरू रहेको छन् । जीवनी विधामा जम्मा ३९वटा अभ्यासहरू रहेका छन् । सुनाइ सीपका ६वटा अभ्यासहरू छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको १५.३८% हो । बोलाइ सीपका लागि १०वटा अर्थात २५.६४% अभ्यासहरू रहेका छन् । पढाइ सीपका लागि ८ वटा अर्थात २०.५१% अभ्यासहरू रहेका छन् । लेखाइ सीपका लागि १५वटा अर्थात ३८.४६% अभ्यासहरू रहेका छन् ।

सुनाइ सीपका अभ्यासहरू निम्नलिखित रहेका छन् :

*१. प्रस्तुत जीवनीको दोस्रो र पाँचौँ अनुच्छेद शिक्षक वा कक्षाको कुनै एक विद्यार्थीले वाचन गरेको सुनेर ठिक बेठिक छुट्याउनुहोस्:*

*(क) रामशरण नेपाली सेनाको ब्यान्डका नाइके थिए ।*

*(ख) रामशरणका पिता दरबार हाइस्कुलमा पढ्दै थिए। (पृ. २४)*

*२.पाठको तेस्रो अनुच्छेद श्रुतिलेखन गर्नुहोस् (पृ. २४) ।*

*बोलाइ सीपमा समाविष्ट नमुना अभ्यासहरू निम्नलिखित छन् :*

*३. तलका शब्दहरु ठिकसँग उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी लेख्नुहोस्, जस्तैः*

*पर्याप्त / पर्.याप्.त*

*आर्थिक, दृष्टि, उच्चारण, बुद्धिजीवी, व्यवस्था (पृ. २४) ।*

*४. आङ सान सुकी महान् महिला हुन् भन्ने बारेमा कक्षामा छलफल गर्नुहोस् । (पृ. ११५) ।*

पढाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखित छन् :

*५. गति र यतिमा ध्यान दिई पाठको अन्तिम अनुच्छेद सस्वर वाचन गर्नुहोस् । (पृ. २५) ।*

*६. पाठको एघारौँ अनुच्छेद मौन पठन गरी त्यहाँका विषय वस्तुलाई बुँदाका रुपमा टिपोट गर्नुहोस् । (पृ. ११५) ।*

*लेखाइ सीपअन्तर्गतका अभ्यासहरू निम्नलिखत छन् :*

*७. माथिको जीवनीबाट सिक्नुपर्ने कुराहरु के के हुन् ? बुँदागत रुपमा लेख्नुहोस् (पृ. २६)।*

*८. प्रस्तुत जीवनी पढी तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :*

*क) रामशरणका पिता किन विदेश गएका थिए ?*

*ख) उनको पुख्यौँली पेसा के थियो ? (पृ. २४) ।*

*९. पाठको अन्तिम अनुच्छेद अनुलेखन गर्नुहोस् । (पृ.११६) ।*

भाषिक सीप विकासका आधारमा जीवनी विधाको अभ्यासको वर्गीकरण अन्तर्गत जम्मा ३९ वटा अभ्यासहरु रहेका छन् । सबैभन्दा बढी आङ सान सुकी मा २१ वटा र सबैभन्दा कम सङ्गीतज्ञ रामशरण दर्नाल मा १८ वटा अभ्यासहरु समावेश गरिएको छ ।

## ***रूपक विधा अन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण***

रूपक विधा भाषाशिक्षणका लागि रोचक र प्रभावकारी विधा मानिन्छ । रूपक अन्तर्गत मनोवाद, वादविवाद, एकाङ्कीलाई कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिएको छ । रूपक शिक्षणको मुख्य प्रयोजन बोलाइ सीप अभिवृद्धि गराउनु हो अर्थात कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण कार्यमा निर्दिष्ट मनोवाद, एकाङ्की र वादविवादलाई परिस्थिति, पात्र

तथा भावानुकूल वाचन अभिनय एवम् भूमिका निवार्हको अभ्यास गराउनुपर्छ । रूपक विधाको अभ्यास गराउदा, प्रश्नोत्तर, संवाद, वा वादविवादको अनुकरणात्मक लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन आदि अभ्यासहरू गराउनु पर्छ । यसरी रूपक शिक्षणको मुख्य प्रयोजन अभिव्यक्ति कौशल बढाउनु हो । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपकविधाका पाठमा समाविष्ट नमुना अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका ८: सीपगत आधारमा रूपक विधाको अभ्यासको वर्गीकरण

| क्र.स. | पाठ/सीप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मानव बेचबिखन बिरुद्ध हाम्रो दायित्व | ३ | ४ | ४ | ५ | १६ |
| २ | मङ्गलाका तिन दिन | ३ | ६ | ५ | ५ | १९ |
| ३. | महिला हिंसा | ३ | ३ | ३ | ७ | १६ |
| | जम्मा | ९ | १३ | १२ | १७ | ५१ |
| | प्रतिशत | १७.६५ | २५.४९ | २३.५२ | ३३.३३ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७४

प्रस्तुत तालिकामा हेर्दा रूपक विधामा जम्मा३ वटा पाठमा जम्मा ५१वटा अभ्यासहरू समावेश पाइन्छ । यि तीन रूपकका पाठहरू मनोवाद, वादविवाद र एकाङ्की क्षेत्रका रहेका छन् । सुनाइ सीप अन्तर्गत ९ वटा अभ्यासहरू छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको १७.६५% रहेको छ । बोलाइ सीप अन्तर्गत १३वटा अभ्यासहरू रहेका छन् । यो सङ्ख्याको २५.४९% रहेको छ । पढाइ सीपका लागि १२वटा अभ्यासहरू अर्थात २३.५२% रहेका छ । लेखाइ सीपका लागि १७वटा अभ्यासहरू अर्थात ३३.३३% रहेको छ । यसरी भाषिक सीप अन्तर्गत सबैभन्दा बढी लेखाइ सीपमा रहेको छ भने बोलाइ सीप र पढाइ सीपमा समान रूपमा अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम सुनाइ सीपमा रहेको छ ।

सुनाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखित छन् :

1. *पाठको प्रारम्भिक अनुच्छेद शिक्षकबाट सुनेका आधारमा निम्न लिखित प्रश्नहरुको मौखिक जवाफ दिनुहोस् :*

   *(क) वक्तृताको विषय के हो?*

*(ख) वक्तृत्व प्रतियोगिता कसको सभाध्यक्षतामा सञ्चालन भएको छ ? (पृ. ४७) ।*

*२. पाठको पन्ध्रौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।(पृ. ९४) ।*

बोलाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखित छन् :

*३. संवादको बारदेखि एक्कासम्मको अनुच्छेद सुन्नुहोस् र तल सोधिएका प्रश्नहरुको उत्तर भन्नुहोस्:*

*क) दुई चार दशकअघिसम्म नेपालमा दाइजो प्रथाको रुप कस्तो थियो ?*

*ख) पहिला छोरीप्रतिको व्यवहार कस्तो थियो ? (पृ. १३४) ।*

*४. विद्यालय शान्ति क्षेत्र हुन् भन्ने विषयमा समूहमा छलफल गर्नुहोस् र निष्कर्ष प्रस्तुत गर्नुहोस् (पृ. ४७) ।*

*५. तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :*

*प्रहसन, पुरस्कृत, प्रस्फुटन, बिँड, गुजुल्टो*

*६. तपाईलाई कुन पात्रको भनाइ राम्रो लाग्यो र किन ? तर्कसहित कक्षामा बताउनुहोस् । (पृ. १३४)*

पढाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखित छन् :

*७. माथिको वक्तृतताका अनुच्छेदलाई हाउभाउसहित पालैपालो पढ्नुहोस् (पृ. ४८) ।*

*८. तेस्रो दिनको दैनिकी पढी मुख्य मुख्य चार वटा बुँदा टिप्नुहोस् । (पृ. ९५)*

*९. मंगलाको दोस्रो दिनको दैनिकी पढी तलका प्रश्नको उत्तर दिनुहोस् । (पृ. ९५) ।*

*क) मङ्गला किन वनमा गएकी हुन् ?*

*ख) वनका रुपखहरु काट्न कसको अनुमति लिनुपर्छ ?*

लेखाइ सीप अन्तर्गतका अभ्यासहरू निम्नलिखि छन् :

*१०. पाठको सातौँ अनुच्छेदबाट मुख्य चार वटा बुँदाहरु टिपोट गर्नुहोस् । (पृ. ४८) ।*

*११. पाठको अन्तिम अनुच्छेद अनुलेखन गर्नुहोस् । (पृ. ११६) ।*

*१२. माथिका संवादमा प्रस्तुत भएका सन्देशहरुलाई सारांशका रुपमा लेख्नुहोस् । (पृ. १३६)*

यसरी भाषिक सीप विकासका आधारमा रूपक विधाको अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विविध लक्ष्य पूरा हुन सक्ने हुदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । बोलाइ सीप अन्तर्गत छलफल, शुद्ध उच्चारण, वाक्यमा प्रयोग गरी भन्नु, तर्क सहित भन्नु आदि अभ्यासहरू राखिएको पाइन्छ । सुनाइ सीपमा प्रश्नोत्तर, श्रुतिलेखन आदि अभ्यास रहेका छन् । पढाइ सीपमा मौखिक प्रश्नोत्तर, पाठलाई हाउभाउ सहित पढ्ने, अनुच्छेद पढी सारांश भन्ने आदि अभ्यास रहेका छन्, भने लेखाइ सीप अन्तर्गत व्याख्या गर्ने, सप्रसंङ्ग व्याख्या गर्ने, विवेचना गर्ने आदि अभ्यासहरू रहेका छन् । रूपक शिक्षणको मूल उद्देश्य अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ सीप सम्बद्ध अभ्यास बढी समावेश गर्नु उपयुक्त हुन्छ । प्रस्तुत निर्दिष्ट अभ्यासमा अभिव्यक्ति सीपका अभ्यास न्यून देखिन्छन् भने लेखाइ सीपका अभ्यास बढी रहेका छन् ।

### *चिठी विधामा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण*

आफ्ना विचारहरू अरू समक्ष पुऱ्याउनका लागि कुनै व्यक्ति वा संस्थाले तयार पारेको लिखित सन्देशलाई चिठी भनिन्छ । चिठी लिखित माध्यमद्वारा विचार विनिमय गर्ने महत्त्वपूर्ण माध्यम हो । यो एक अर्काको अनुभव आदनप्रदान गरी सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास, कुनै पनि सन्देश अरूले राम्ररी बुझ्न सकून भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट रूपमा अभिव्यक्ति, आदर, सम्मान, अभिवादन गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ, चिठी शिक्षणमा घरायसी, व्यापारिक कार्यालयीय क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको कार्यकलापद्वारा शिक्षण गरिन्छ (मा.शि. पा. २०५५) । पाठमा प्रस्तुत चिठी तथा निवेदन आदिको शिक्षण गर्दा तिनलाई नमुनाका रूपमा उपयोग गरी तिनको ढङ्ग ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिई तदनुरूप सोहीअनुरूप अभ्यास गराउनुपर्छ ( मा.शि. नेपाली पाठ्यपुस्तक, २०६४) ।

व्यावहारिक रूपमा विभिन्न प्रकारका चिठी लेख्ने ढाँचा र तिनमा आफ्नो विचारको प्रस्तुतिलाई समेत उपयुक्त किसिमले व्यक्त गर्न सक्ने तुल्याउने गरी चिठी शिक्षणका अभ्यासको संयोजन गर्नु पर्ने हुन्छ । यसप्रकार चिठी व्यावहारिक र प्रयोजनपरक विधा भएकोले यसमा पनि कार्यकलापमुखी अभ्यासहरूमा जोड दिनुपर्दछ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चिठी विधाका पाठमा रहेका नमुना अभ्यासलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

तालिका ९ : चिठी विधाका पाठमा समाविष्ट नमुना अभ्यासको सीपगत वर्गीकरण

| क.स. | पाठ/सीप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बहिनीलाई चिठी | ३ | ६ | ३ | ९ | २१ |
| २ | छात्राबास | ३ | ४ | ३ | ९ | १९ |
| | जम्मा | ६ | १० | ६ | १८ | ४० |
| | प्रतिशत | १५ | २५ | १५ | ४५ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७४

माथिको तालिका अनुसार चिठी विधामा समाविष्ट अभ्यासलाई सीपगत आधारमा वर्गीकरण गरिएको छ । माथिको तालिकामा हेर्दा चिठी विधामा जम्मा ४०वटा अभ्यासहरू रहेका छन् । सुनाइसीप अन्तर्गत जम्मा ६वटा अभ्यासहरू समाविष्ट छन् । यो सङ्ख्या कुल अभ्यास अङ्ख्याको १५% रहेको छ । बोलाइ सीप अन्तर्गत १०वटा अभ्यासहरू रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको २५% रहेको छ । पढाइ सीप अन्तर्गत ६वटा अभ्यास रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको १८% रहेको छ । लेखाइ सीप अन्तर्गत १८वटा अभ्यासहरू रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको ४५% रहेको छ । माथिको भाषिक सीपको वर्गीकरण अनुसार सबैभन्दा बढी लेखाइसीपमा अभ्यासहरू रहेका छन् । सुनाइ र पढाइ सीपमा समान रूपमा अध्यासहरू रहेका छन् भने लेखाइ सीपमा १८वटा अभ्यासहरू समावेश छन् ।

सुनाइ सीप अन्तर्गतका अभ्यासहरू निम्न अनुसार रहेका छन् :

*१. पाठको दोस्रो अनुच्छेद श्रुति लेखन गर्नुहोस् (पृ. ५५) ।*

*२. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :*

*क) विद्यार्थीका लागि घर वा डेरामा पनि उपयुक्त शैक्षिक वातावरण चाहिन्छ ।*

*ख) छात्राबासको व्यवस्थाले सिकाइमा पछि परेका विद्यार्थी लाभान्वित हुँदैनन् ।*

*(पृ. १४१) ।*

बोलाइ सीप अन्तर्गत अभ्यासहरू निम्नअनुसार छन् :

*३. तलका शब्दहरूको उदाहरणमा देखाए जस्तै गरी ठिक उच्चारण गर्नुहोस् :*

*व्यस्तता/ व्यस्.त.ता*

*हृदयाघात, अर्बुद, क्षार प्रधान, चिकित्सक, परीक्षण (पृ. ५५) ।*

*४. छात्रावासको महत्वका विषयमा खँदिला तर्कसहित आफ्नो भावना कक्षामा प्रस्तुत गर्नुहोस् । (पृ. १४१) ।*

पढाइ सीप अन्तर्गतका अभ्यासहरू निम्न अनुसार छन् :

*५. माथिको चिठी पालैपालो सस्वर पठन गरी कक्षामा सुनाउनुहोस् (पृ. ५५)*

*६. तलका रेखाङ्कित शब्दको अर्थ कोष्ठबाट छान्नुहोस् ।*

*क) आन्दोलनले उग्र रुप लिएको थियो । (विशाल, चर्को, धेरै)*

*ख) आङ नासले धेरै लडाइँ लडेका थिए । (युद्ध, आन्दोलन, विद्रोह) (पृ. ११५)*

लेखाइ सीप अन्तर्गत समाविष्ट अभ्यासहरू निम्नलिखित छन् :

*७. व्याख्या गर्नुहोस् :*

*स्वास्थ्य नै जीवनको पहिलो धन हो । (पृ. ५७) ।*

*८. विद्यालयमा खानेपानीको व्यवस्था गर्न प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् । (पृ. १४३)*

यसरी कक्षा नौको नेपाली पाठ्यपुस्तक (प. स. २०७४) अन्तर्गत चिठी विधामा भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई महत्त्वका साथ समावेश गरिएको पाइन्छ । सुनाइ सीप अन्तर्गत शुद्ध उच्चारण, छलफल आदि अभ्यासहरू रहेका छन् । पढाइ सीप अन्तर्गत सस्वर पठन, प्रश्नोत्तर, अनुलेखन अभ्यास रहेका छन् । बोलाइ सीप अन्तर्गत वाक्यमा प्रयोग गर्ने, शुद्ध गरी सार्ने, शब्द लेख्ने, प्रश्नोत्तर अभ्यासहरू रहेका छन् । समग्रमा चिठी विधाले भाषिक सीप विकासमा सहयोग गर्ने देखिन्छ ।

## सिर्जनात्मक अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण

भाषा सिर्जनशील विषय भएकाले मौलिक सिर्जनाको अभिव्यक्तिबाट भाषा सिकाइमा विकास हुन्छ । सिर्जनात्मक अभ्यासको माध्यमबाट नै विद्यार्थीहरूले आफ्नो अनुभूति, अनुभव सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्त गर्न सक्ने बनाउछ । त्यसैले विद्यार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी सिर्जनात्मक क्षमताको विकास गर्न सिर्जनात्मक अभ्यासहरू महत्त्वपूर्ण हुन्छन् । सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूमा रहेको ज्ञान तथा सीपको विकासमा सहयोग पुऱ्याउछ । सिर्जनात्मक अभ्यासले बालबालिकामा सिकाइप्रति रुचि बढाउनुका साथै बौद्धिक क्षमताको विकास

गर्न पनि सहयोग गर्दछ । सबै बालबालिकामा रुचि र क्षमता कहिल्यै समान मात्रामा नरहने हुँदा प्रत्येक विद्यार्थीको वैयक्तिक विभिन्नतालाई पहिचान गरी अध्यापन गर्नुपर्दछ । यि बाहेक विधा अनुरूपका थप सिर्जनात्मक कार्यकलाप गरी उद्देश्यपूर्ण बनाउनु पनि लाभदायक हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका आफ्ना रुचि अनुसारका विषयमा शिलशिला मिलाएर निबन्ध लेख्ने, बुँदाहरू समेटेर कथा लेख्ने, मनपर्ने विषयमा कविता लेख्ने, आफुले देखे सुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न सक्ने आदि उद्देश्यहरू पूरा गर्न पनि सिर्जनात्मक अभ्यासले सहयोग पुऱ्याउछ । विद्यार्थीहरूलाई उनीहरूको रुचि, क्षमता, उमेर र स्तर सापेक्ष सिर्जना गर्न प्रेरित गरी बढी भन्दा बढी ज्ञान तथा सीप विकास गराउनु पर्दछ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासलाई सीपगत आधारमा वर्गीकरण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १० : सिर्जनात्मक अभ्यासलाई सीपगत आधारमा वर्गीकरण

| क्र.स. | पाठ | ले.प. | सु.बो. | बो.ले. | ले. | बो. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | १ | १ | १ | ३ | १ | ७ |
| २ | कविता | – | – | १ | ३ | – | ४ |
| ३ | निबन्ध | – | – | - | ३ | – | ३ |
| ४ | जीवनी | – | – | - | ४ | – | ४ |
| ५ | रूपक | – | – | - | ३ | १ | ४ |
| ६ | चिठी | – | – | - | २ | - | २ |
| | जम्मा | १ | १ | २ | १८ | २ | २४ |
| | प्रतिशत | ४.१६ | ४.१६ | ८.३३ | ७५ | ८.३३ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७३

माथिको तालिकामा सिर्जनात्मक अभ्यासलाई सीपगत आधारमा वर्गीकरण गरिएको छ परिमार्जित (२०७३) कक्षा नौको नेपाली पाठ्यपुस्तकमा ६ वटा विधामा जम्मा २० वटा सिर्जनात्मक अभ्यासहरू मध्ये सबैभन्दा बढी निबन्ध विधामा जम्मा ५ वटा अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम जीवनी विधामा २ वटा अभ्यासहरू समावेश छन् । २० वटा सिर्जनात्मक अभ्यासहरू मध्ये लेखाइ सीप अन्तर्गत सबैभन्दा बढी १८ वटा अर्थात ९०% रहेका छन् भने बोलाइ तथा लेखाइ सीप र पढाइ तथा लेखाइ सीप अन्तर्गत समान रूपमा १,१ वटा अर्थात ५%, ५% अभ्यासहरू समावेश

छन् । लेखाइ सीप अन्तर्गत बुँदाहरू समेटेर कथा लेख्ने, मनपर्ने विषयमा कविता लेख्ने, निबन्ध लेख्ने, आदि अभ्यासहरूलाई समेटिएको छ, जुन निम्नलिखित रहेका छन् :

*१. तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार गर्नुहोस् :*

*एउटा जङ्गलमा हात्ती र बाँदर .......... सँगै मिलेर बस्नु ............ सँगै खानेकुरा खोजेर खानु ........... एक दिन "को ठुलो" भन्ने विषयमा झगडा हुनु ........... लाटोकोसेरालाई झगडा छिनिदिन अनुरोध गर्नु .............. लाटोकोसेराले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु ............. खोला तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु ........... खोला तर्नु .......... नरिवलको रुख ज्यादै अग्लो हुनु ............. हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन भन्नु ............ बाँदरलाई नरिवल बोक्न अप्ठ्यारो हुनु .............. हात्तीले मुखमा च्याप्नु .......... लाटोकासेरालेनरिवल कसरी ल्यायौ भनी सोध्नु ............. उनीहरुले यथार्थ जवाफ दिनु ............ दुवैले एक आपसमा माफी माग्नु ............. पुनः ती दुवै जना मिलेर बस्नु ............ आफ्नो काममा सबैको उत्तिकै महत्व हुन्छ भन्ने सन्देश (पृ. १५८) ।*

*२. वसन्त कोकिल कविताको ढाँचामा वर्षा ऋतु शीर्षकमा कविता रचेर कक्षामा सुनाउनुहोस् । (पृ. ७९) ।*

*३. नेपालको पर्यटन विकासको सम्भावनाबारे विभिन्न स्रोतबाट सामग्री सङ्कलन गर्नुहोस् । प्राप्त सामग्रीका आधारमा नेपालको पर्यटन प्रवर्धनको सम्भावनाका बारेमा लिङ्ग, वचन, पुरुष र आदरसमेत प्रयोग गरी आलेख तयार गर्नुहोस् । (पृ. २८) ।*

बोलाइ तथा लेखाइ सीप अन्तर्गत अभिव्यक्तिपरक सिर्जनात्मक अभ्यासलाई लिइएको छ जुन निम्नलिखित छन् :

*१. निम्न लिखित बुँदाहरुका आधारमा सुचना विस्तार र आजको विश्व शीर्षकमा निबन्ध लेख्नुहोस् :*

*- पहिले पहिले परेवा, काग, कुकुरका आवाजका आधारमा सूचना अनुमान - पछि चिठी पठाउने चलनको सुरुआत - टोलिफोन, रेडियो, टेलिभिजन, ताररहित टेलिभिजन, फ्याक्स, कम्प्युटरको आविष्कार - अन्तरिक्षमा मानिसको पहुँच - भूउपग्रहबाट सूचना सङ्कलन र विस्तार - इन्टरनेट प्रविधि र त्यसभित्र विभिन्न सामाजिक सञ्जाल - छपाइ वा मुद्रणका नयाँ नयाँ*

*प्रविधिको विकास - सूचना विस्तारसँगै आजको विश्व साँगुरिएको - विश्वभरका मानिसलाई साथी बनाउन, भावना आदान प्रदान गर्न, कुनै विचार वा घटनाप्रति तत्काल प्रतिक्रिया व्यक्त गर्न विश्व प्रसिद्ध कृति पढ्न सकिने - प्रविधि विकास अभिशाप पनि - प्रविधिको सदुपयोग जीवनका लागि वरदान । (पृ. ८७)*

पढाइ तथा लेखाइ सीपको विकास गर्न सिर्जनात्मक अभ्यासमा १ (५%) वटा अभ्यास राखिएको छ । यस अन्तर्गत पत्रहरू पढी त्यसअनुसारको पत्र तयार गर्ने अभ्यासहरू समावेश गरिएको छ ।

*१. आफन्तको निधनमा लेखिने समवेदना पत्रको नमुना तयार पार्नुहोस् (पृ.५८ ) ।*

*२. आफ्नो टोलका सरसफाइ सम्बन्धी समस्याहरु टोलबासीसँगै सोधेर ती समस्या समाधानका लागि सम्बन्धित कार्यालयमा लेख्ने पत्र तयार पार्नुहोस् । (पृ.१४९ ) ।*

परिमार्जित कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७३) मा परियोजना कार्यलाई पनि राखिएको पाइन्छ । नेपाली पाठ्यपुस्तकमा जम्मा ६ वटा विधामध्ये तीनवटाविधामा जम्मा ७वटा परियोजना कार्यका अभ्यासहरू समावेश गरिएको छ । जस अन्तर्गत अनुच्छेद लेख्ने, सारांश लेख्ने, विवरण संकलन गरी जीवनी लेख्ने आदि अभ्यासहरू राखिएको छ ।

पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीपको विकास गराउनमा सिर्जनात्मक अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस प्रकारको अभ्यासले कल्पनात्मक र सिर्जनात्मक किसिमले कुनैपनि विषयलाई लिखित रूपमा स्वतन्त्र र मौलिक रूपमा आफ्नै शैलीमा अभिव्यक्त गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ । सिर्जनात्मक अभ्यासमा लेखाइ सीप सम्बद्ध अभ्यासहरूलाई सबैभन्दा बढी जोड दिएको पाइन्छ । सिर्जनात्मक अभ्यासमा सुनाइ तथा पढाइ सीपसम्बद्ध अभ्यासहरू समावेश गरेको पाइदैन । सिर्जनात्मक अभ्यासलाई पाठको प्रकृति र विधागत विशेषतालाई ख्याल नगरी नमुना अभ्यासहरू समावेश गरिएको पाइन्छ । प्रस्तुत सिर्जनात्मक अभ्यासले लेखाइ सीपलाई सबल पक्षका रूपमा अगाडी बढाएर विद्यार्थीको प्रतिभा प्रस्फुटन गरी सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याएको पाइन्छ ।

## व्याकरणसम्बन्धी अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण

व्याकरण शिक्षणको उद्देश्य भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरूसँगै विद्यार्थीलाई शुद्ध शब्द र वाक्य प्रयोग गर्न अभिप्रेरित गर्नु हो । यसबाट भाषा प्रयोग, वाक्य गठन, शब्द रचना आदि पक्षमा विशेष सहयोग मिल्दछ । यो भाषाको अन्तर्निहित व्यवस्था भएको हुँदा यसको शिक्षणले

भाषा प्रयोगको व्यवस्थागत प्रयोग पक्ष, व्याकरणात्मक नियमबाट विचलन भएका शब्द तथा वाक्यहरू ठम्याउन सहयोग गर्दछ (ढुङ्गेल र दाहाल, २०६९ : २२७) ।

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएको व्याकरण सम्बन्धी नमुना अभ्यासमा रहेको प्रश्नहरूलाई समष्टिगत रूपमा अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

तालिका ११ : व्याकरण अभ्यासको वर्गीकरण

| क.स. | व्याकरण शीर्षक | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | भूतकाल | १ | १ | ८ | २ | १२ | ८.७० |
| २ | नाम | १ | - | १ | २ | ४ | २.९० |
| ३ | सङ्गति | - | १ | २ | १ | ४ | २.९० |
| ४ | शब्दवर्ग र नामयोगी | - | २ | ९ | १ | १२ | ८.७० |
| ५ | क्रियापद | - | - | ४ | ३ | ७ | ५.०७ |
| ६ | भविष्यत काल | - | १ | १ | १ | ३ | २.१७ |
| ७ | वर्तमान काल | - | - | ५ | ४ | ९ | ६.५२ |
| ८ | वाक्य परिवर्तन | - | २ | ४ | ५ | ११ | ७.९७ |
| ९ | कारक विभक्ति | - | - | ३ | १ | ४ | २.९० |
| १० | कारक विभक्ति | - | १ | ४ | ४ | ९ | ६.५२ |
| ११ | प्रत्यय | १ | २ | ४ | १ | ८ | ५.८० |
| १२ | समस्त शब्द | - | २ | ७ | २ | ११ | ७.९७ |
| १३ | लेख्य चिह्न | - | २ | ९ | १ | १२ | ८.७० |
| १४ | ह्रस्व दीर्घ र वाक्यप्रकार | २ | - | ५ | ४ | ११ | ७.९७ |
| १५ | वर्णविन्यास र कारक | - | - | ७ | ५ | १२ | ८.७० |
| १६ | वाच्य | ४ | - | ४ | १ | ९ | ६.५२ |
| | जम्मा | ९ | १४ | ७६ | ३८ | १३८ | |
| | प्रतिशत | ६.५२ | १०.१५ | ५५.१० | २७.५५ | | १०० |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०७३

माथिको तालिका अनुसार व्याकरणसम्बन्धी नमुना अभ्यासलाई परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक चार भागमा वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ यहाँ धातु, काल, पक्ष, शब्दवर्ग, शब्दनिर्माण, वाक्य र यसका प्रकार, वाक्य परिवर्तन, भाव/अर्थ, वाक्य संश्लेषण र वाक्य विश्लेषण कारक र विभक्ति, वाच्य परिवर्तन, वर्ण विन्यास पदसंगति जस्ता शीर्षकमा व्याकरण सम्बन्धी नमुना अभ्यासको वर्गीकरण गरिएको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७३) मा रहेका व्याकरण सम्बन्धी जम्मा ९७वटा नमुना अभ्यासहरू समावेश गरिएको पाइन्छ। तालिका अनुसार परिचयात्मक अभ्यासहरू जम्मा ९वटा रहेका छन् अर्थात ६.५२ % रहेको पाइन्छ । त्यसैगरि धारणात्मक अभ्यासहरू १४वटा अर्थात १०.१५% रहेका छन् । प्रयोगात्मक अभ्यासका लागि ७६ वटा अर्थात ५५.१०% र पहिचानात्मकका लागि ३८ वटाअर्थात २७.५५% अभ्यास रहेको देखिन्छ । यी तथ्याङ्क अनुसार सबैभन्दा बढी प्रयोगात्मक त्यसपछि पहिचानात्मकमा त्यसपछि धारणात्मकमा र सबैभन्दा कम परिचयात्मक मा अभ्यासहरू राखिएका छन् ।

प्रस्तुत पाठ्यपुस्तकमा रहेका व्याकरण सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा भूतकालसँग सम्बन्धित अभ्यासहरू जम्मा १२ वटा अर्थात ८.७०%, नाम सम्बन्धी जम्मा ४ वटा अर्थात २.९०%, सङ्गति सम्बन्धी जम्मा ४ वटा अर्थात २.९०%, शब्दवर्ग र नामयोगी सम्बन्धी जम्मा १२वटा अर्थात ८.७०%, क्रियापद सम्बन्धी ७वटा अर्थात ५.०७ %,भविष्यतकाल अन्तर्गत ३वटा अर्थात २.१७%, वर्तमान काल अन्तर्गत ९ वटा अर्थात ६.५२%, वाक्य परिवर्तन अन्तर्गत ११वटा अर्थात ७.९७%, कारक विभक्ति अन्तर्गत ९ वटा अर्थात ६.५२%, कारक र विभक्ति अन्तर्गत ४ वटा अर्थात २.९०%, प्रत्यय अन्तर्गत ८वटा अर्थात ५.८०%, समस्त शब्द अन्तर्गत ११वटा अर्थात ७.९७%, लेख्य चिह्न अन्तर्गत १२ अर्थात ८.७०%, ह्रस्व दीर्घ र वाक्यप्रकार अन्तर्गत ११ वटा अर्थात ७.९७%, वर्णविन्यास र कारक अन्तर्गत १२ वटा अर्थात ८.७०%र वाच्य अन्तर्गत ९वटा अर्थात ६.६२% अभ्यासहरू रहेका देखिन्छन् । अभ्यासमा दिइएका व्याकरणिक प्रश्नहरूको उत्तर दिदा चिनारी वा जनाउ दिए मात्र पुग्ने किसिमका समस्यालाई परिचयात्मक अन्तर्गत समावेश गरिएको छ ।

*१. तलको अनुच्छेद पढी रेखाङ्कित शब्दमध्ये नाम र विशेषणको अलग अलग सूची बनाउनुहोस् :*

*तराईमा बस्ने गरिब गोपालले एउटा गाई किन्यो । उसले खानेकुरा खुवायो । त्यसबाट धेरै बाछाबाछी जन्मे । गाईहरुको ठुलो बथान बन्यो । ती गाईहरुको शुद्ध दुध बेचेर उसले प्रशस्त आम्दानी गऱ्यो । उसको विशेष पढाइ थिएन । वास्तवमा अधिक इमान्दारी नै उसका लागि उपयुक्त रोजगारीको प्रभावकारी माध्यम बन्न पुग्यो । जुनसुकै काम गरेर पनि यस समाजमा सजिलै बाँच्न सकिन्छ भन्ने असल शिक्षा उसबाट लिन सकिन्छ । गोपालको ठुलो दाजु रमेशले भने अनेक तालिम लिएर पनि केही पेसा गरेको थिएन । अल्छी स्वभावको त्यो रमेश रिसाहा प्रवृत्तिको पनि थियो । उसको मुख्य सोख नै रातो सर्ट, सेतो पाइन्ट र कालो चस्मा लगाएर बजार घुम्नु मात्र थियो । उसलाई जहिले पनि आर्थिक सङ्कट मात्र पर्थ्यो । एक दिन अचानक उसले भाइले जस्तै कुनै नयाँ काम गरेर धेरै उन्नति गर्ने विचार गऱ्यो । भाइले पनि उन्नत जातका बाखा पालेर राम्रो प्रगति गर्न सकिन्छ भन्ने उपयुक्त सल्लाह दियो । उसले दाइलाई केही आर्थिक सहयोग पनि गऱ्यो । सुरुमा तिन वटा बाखा पालेको रमेशको अहिले गन्दा बिस बाखाहरु भइसके । हिजोआज गाउँमा ऊ जान्ने बुझ्ने बाखा पालक भएको छ । मेहनती मान्छेलाई कहिले दःख हुन्छ र ? (पृ. १६)*

व्याकरणिक नियम एवम् अभ्यासको धारणा बनाएर प्रश्नको उत्तर दिन सकिने खालका अभ्यासहरू धारणात्मक अन्तर्गत पर्दछन् ।

*१. कोष्ठकमा दिएइका सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस्:*

*(क) जसदीप पढाइका साथसाथै घरको काममा पनि सहयोग ...... । (गर्-सामान्य वर्तमान)*

*(ख) कृतिका कक्षा ९ मा ..... । (पढ्-अपूर्ण वर्तमान)*

*ग) आङ्काजी आज काठमाडौँ .......। (जा-पूर्ण वर्तमान)*

*(घ) महेश गीत ........ । (गाउ : अपूर्णवर्तमान) (पृ.६८)*

विद्यार्थीहरू आफैलाई व्याकरणिक नियम एवम् अभ्यासहरूलाई प्रयोग गरेर देखाउन सकिने अभ्यासहरू प्रयोगात्मक अन्तर्गत वाक्यान्तरण, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यास रहेका छन् :

*१. कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् :*

*(क) पूर्णमान कविता लेख्छ । (स्त्रीलिङ्ग)*

*(ख) माधुरी गीत गाउँछे । (पुलिङ्ग)*

*(ग) तिमी कहाँ गएका थियौ ? (स्त्रीलिङ्ग) (पृ. ७६) ।*

*२. धातु र सङ्केतका आधारमा खाली ठाउँ गर्नुहोस् :*

*(क) कविले कविता .......... । (लेख्: पूर्ण भूत)*

*(ख) गुरुले पाठ ............ । (पढउः सामान्य भूत)(पृ. ७७)*

*३. तलका कृदन्त शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :*

*लेखेका, पढेकी, खेलेको, गएकी, उठेका, हिँडेको, खनेका, काटेकी (पृ. ९) ।*

व्याकरणिक अभ्यासमा समाविष्ट नमुना अभ्यासहरूलाई सम्बन्धित नियमका आधारमा छुट्याउन लगाइएका प्रश्नहरू पहिचानात्मक अन्तर्गत समावेश गरिएको छ :

*१. अज्ञात भूतको प्रयोग गरी आफूले देखेको कुनै सहरको वर्णन गर्नुहोस् । (पृ. १२७)*

*२. उदाहरणअनुसारका पाँच पाँच शब्द खोजेर तालिकामा देखाउनुहोस् : (पृ. १४५)*

| | |
|---|---|
| *सहिद, सहर, स्कुल,* | *स को प्रयोग हुने शब्द* |
| *आज, अब, तब आदि* | *उच्चारणअनुसार अजन्त प्रयोग हुने अव्यय शब्द* |

*३. तलको अनुच्छेदबाट कर्मवाच्य छान्नुहोस् :*

*आज बिहान म दाँत माझ्दै थिएँ । त्यत्तिकैमा ब्रस भाँचियो । त्यसपछि कपाल कोर्न थालेकी थिएँ, काइँयो पनि भाँचियो । त्यो कुरा मैले शकुन्तलालाई भनेँ । ऊ भने मेरा कुरा सुन्दै नसुनी बोलिराखी । आफ्नो त आज चाँडै गृहकार्य पनि सकियो । अब मज्जासँग चिया खाइन्छ । दाइकी छोरीलाई लिटो खुवाइन्छ । अनि भान्छामा गएर अचार बनाइन्छ । मैले फेरि उसलाई आग्रहका स्वरमा भनेँ, ‘बहिनी मलाई तेरो काँइयो दे न ।’ आमाले मेरो कुरा सुन्नुभएछ । उहाँले मलाई आफ्नो काइँयो झिकेर दिनु भयो । (पृ. १५७)*

माथिको तालिका अनुसार व्याकरण अभ्यासको समग्र पक्षको विश्लेषण गर्दा जम्मा १३ वटा व्याकरण शीर्षकमा ९७वटा अभ्यासहरू रहेको पाइन्छ । व्याकरणका विभिन्न शीर्षक मध्ये सबैभन्दा बढी शब्दनिर्माणका अभ्यासहरूमा जोड दिइएको पाइन्छ भने सबैभन्दा कम पदसङ्गति वाक्य संश्लेषणका अभ्यासहरूमा रहेको देखिन्छ ।

## प्राप्ति तथा सारांश

### *प्राप्ति*

कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्दा विधागत आधारमा, व्याकरण, सिर्जनात्मक र भाषिक सीपमा केन्द्रित भएर विश्लेषण गरिएकोछ । विधागत आधारमा अभ्यासहरूको विश्लेषण गर्दा नेपाली भाषा पाठ्यपुस्तक अन्तर्गत समावेश भएका सोह्र वटा पाठमा सबैभन्दा बढी लेखाइ सीपका अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम सुनाइ सीपमा रहेका छन् । बोलाइ र पढाइ सीपमा भने समान रूपमा अभ्यासहरू रहेको पाइन्छ । यसरी पाठ्यपुस्तक भित्र सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषा चार वटै सीपलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ । यसरी विद्यार्थीको भाषिक सीप विकासमा जोड दिइएको पाइन्छ । अभ्यासहरू सरलदेखि जटिलताको क्रममा राखिएको देखिन्छ ।

प्रस्तुत कक्षा नौको परिमार्जित नेपाली पाठ्यपुस्तकमा भाषाका चार वटै सीपलाई छुट्टछुट्टै रूपमा राखेर नमुना अभ्यासलाई समावेश गरेको पाइन्छ । सुनाइ सीप अर्न्तगत श्रुतिलेखन, सुनेर खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने, पाठको अनुच्छेद सुनेर उत्तर भन्ने, सार भन्ने, सारांश भन्ने वर्णन गर्ने आदि अभ्यासहरू समाविष्ट रहेको देखिन्छ । बोलाइ सीप अन्तर्गत शुद्धसँग उच्चारण, प्रश्नोत्तर, कुराकानी, छलफल, वाक्यमा प्रयोग गरी भन्नु हाउभाउ सहित कुराकानी गर्नु, तर्क गर्नु आदि अभ्यासहरू समावेश गरेको देखिन्छ । पढाइ सीप अन्तर्गत सस्वरवाचन गर्ने शब्दको अर्थ बताउने पठनबोध अन्तर्गत प्रश्नोत्तर आदि अभ्यासहरू समावेश गरेको पाइन्छ । त्यसै गरी लेखाइ सीप अन्तर्गत संक्षिप्त प्रश्नोत्तर, सप्रसङ्ग व्याख्या, विवेचनात्मक उत्तर, अनुलेखन, सच्याएर पुनर्लेखन, सारांश लेखन, बुँदा टिपोट गर्ने, आदि अभ्यासहरू रहेको देखिन्छ । यसरी भाषिक सीप विकासका आधारमा नमुना अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विविध लक्ष्य पूरा हुन सक्ने हुदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । पाठ्यपुस्तकमा व्याकरणसम्बद्ध अभ्यासहरूलाई समाविष्ट गरी लेखाइ सीपलाई सफल बनाउन सहयोग पुऱ्याएको देखिन्छ । सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूको सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ । यसप्रकार भाषिक सीप विकासको दृष्टिले कक्षा नौको नेपाली विषयका नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप तयार गर्ने प्रयास गरेको देखिन्छ । सबल पक्षका साथसाथै तिनमा केही कमजोरीहरू पनि भेटिन्छन् । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासले पर्याप्त मात्रामा सुनाइ सीपलाई महत्त्व दिन नसकेको

देखिन्छ । पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको अभाव रहेको पाइन्छ । पाठको प्रकृति र विधागत विशेषतालाई ख्याल नगरी सिर्जनात्मक अभ्यसाहरू राखिएको पाइन्छ । प्रयोगात्मक किसिमका अभ्यासहरूमा बढी जोड दिएको र धाराणात्मक किसिमका अभ्यासहरूमा कम जोड दिइएको पाइन्छ ।

## *सारांश*

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक (२०७४) मा समाविष्ट नमुना अभ्यासहरूलाई विधा सम्बन्धी सीपगत आधारमा र तहगत आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस पाठ्यपुस्तक अन्ततर्गत सोह्र वटा पाठमा समाविष्ट अभ्यासलाई सीपगत आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी लेखाइ सीपका अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम सुनाइ र बोलाइ सीपमा रहेको देखिन्छ । तहगत आधारमा अभ्यासको विश्लेषण गर्दा सबैभन्दा बढी व्यवहारिक सीपमा र सबैभन्दा कम ज्ञान तहमा रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा व्याकरणात्मक पक्षलाई हेर्दा व्याकरण शीर्षक विधा अन्तर्गत सबैभन्दा बढी शब्दनिर्माणका अभ्यासहरूमा जोड दिइएको पाइन्छ भने सबैभन्दा कम पदसङ्गति, वाक्य विश्लेषण र वाक्य संश्लेषणका अभ्यासहरू रहेको देखिन्छ । यस पाठ्यपुस्तक भित्र व्याकरण समबन्धी अभ्यासहरूमा सबैभन्दा बढी प्रयोगात्मकका र सबैभन्दा कम धारणात्मकका अभ्यासहरू रहेका छन् । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा जम्मा सोह्र वटा विधामध्ये छ वटा विधामा जम्मा २० वटा सिर्जनात्मक अभ्यासहरू समावेश गरिएको छ । सबैभन्दा बढी लेखाइ सीपमा सिर्जनात्मक अभ्यासहरू रहेका छन् भने बोलाइ तथा लेखाइ सीप र पढाइ तथा लेखाइ सीप अन्तर्गत समान रूपमा रहेका छन् । सबैविधामा सिर्जनात्मक अभ्यास नराखिएकाले समानुपातिक रूपमा सिर्जनात्मक अभ्यासहरू समावेश गर्नुपर्ने देखिन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप अभ्यासहरू समावेश गर्ने प्रयास गरिएको देखिन्छ ।

# परिच्छेदः पाँच

# निष्कर्ष र सुझाव

## निष्कर्ष

पाठ्यक्रमले विद्यालयको सिङ्गो जीवन र कार्यक्रमको प्रतिनिधित्व गर्दछ । त्यसैले पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरूदण्ड हो । निर्धारित पाठ्यक्रम अनुसार पाठ्यसामग्री, पाठ्यपुस्तकको निर्माण गरिन्छ । पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जित परिवर्तन गरिनु आवश्यक छ । नेपाली भाषा पाठ्यक्रमलाई पनि परिमार्जन एवम् परिवर्तन गरिदै आएको छ । यसै सन्दर्भमा २०६४ को मा. शि. पाठ्यक्रमलाई २०७१ मा परिवर्तन गरी सोही पाठ्यक्रम अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तक परिवर्तन गरिएको छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक र पाठ्यपुस्तकमा समाविष्ट गरिने नमुना अभ्यासलाई पनि स्वभाविक रूपमा परिवर्तन गरिनु पर्दछ । प्रस्तुत कक्षा नौको नेपाली विषयमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययनबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

व्यक्तिगत सामाजिक तथा राष्ट्रिय जनजीवनमा आइपर्ने समस्या समाधान गर्न अरूको विचार तथा भावनाको कदर गर्न विविध प्रकारका श्रम तथा पेसा प्रति सकारात्मक सोच राख्न समालोचनात्मक सोचको विकास तथा अभ्यास गर्न र विश्लेषणात्मक सीपको विकास र उपयोग गर्न सक्षम नागरिक तयार गर्न सहयोग गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । विद्यालय शिक्षाको पाठ्यक्रम सक्षमतामा आधारित हुनुपर्ने तथ्यलाई दृष्टिगत गर्दै विद्यालय शिक्षाबाट प्रदान गरिने सक्षमता पहिचान गरी शिक्षालाई स्तरीय सान्दर्भिक र जीवनोपयोगी तथा सक्षमतामा आधारित बनाउनु आवश्यक देखिएको छ । विद्यार्थीलाई गरेर सिक्ने अवसर प्रदान गरी समय र परिस्थिति अनुसार समायोजन हुन सक्ने बनाउने यसको लक्ष्य हो । (मा.शि. पाठ्यक्रम २०७१) यसै क्रममा परिमार्जित पाठ्यक्रम (२०७१) ले नेपाली विषयका लागि तहतग रूपमा जम्मा १७वटा भाषिक सीपगत उद्देश्य निर्धारण गरेको छ । कक्षा नौको नेपाली विषयका लागि जम्मा ४७वटा भाषिक सीपगत उद्देश्य निर्धारण गरेको पाइन्छ । जस अन्तर्गत सुनाइ र बोलाइ सीपका लागि १७वटा, पढाइ सीपका लागि १५ वटा र लेखाइ सीपका लागि १५ वटा उद्देश्य निर्धारण गरिएको पाइन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययनबाट प्राप्त तथ्यको आधारका निम्नानुसार निष्कर्षलाई प्रस्तुत गरिएको छ :

*सबल पक्ष*

१. कक्षा नौको नेपाली विषयको पाठ्यक्रम २०७१ अनुरूप नेपाली पाठ्यपुस्तक २०७४ तयार गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका चार वटैसीपको विकासका लागि छुट्टाछुट्टै रूपमा नमुना अभ्यासलाई प्रस्तुत गरिएको छ ।

२. अभ्यासहरू सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ ।

३. भाषा पाठ्यपुस्तकभित्र विधागत अभ्यासभित्र नै व्याकरण पक्षलाई समावेश गरिएको पाइन्छ ।

४. भाषिक सीप विकासका आधारमा नमुना अभ्यासको विश्लेषण गर्दा लेखाइ सीप विकास गराउने खालका अभ्यासमा अत्यधिक जोड दिइएको पाइन्छ ।

५. पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूको सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ  साथै परियोजना कार्यलाई पनि समावेश गरिएको छ ।

६. पाठ्यपुस्तकमा व्याकरण सम्बद्ध अभ्यासहरूलाई समाविष्ट गरी लेखाइ सीपलाइ सफल बनाउन सहयोग पुऱ्याएको देखिन्छ ।

७. पाठमा समाविष्ट नमुना अभ्यासमा केही मात्रामा भएपनि वस्तुगत प्रश्नहरू (ठिक बेठिक, जोडा मिलाउने, खाली ठाँउ भर्ने, बहुवैकल्पिक) लाई ध्यान दिइएको पाइन्छ ।

८. सम्पूर्ण पाठमा समाविष्ट शब्दार्थले विद्यार्थीहरूको शब्दभण्डार क्षमताको विकास गराउन जोड दिइएको पाइन्छ ।

९. विधासम्बन्धी नमुना अभ्यास अन्तर्गत तहगत आधारमा व्यावहारिक सीप र उच्च दक्षता तहमा सबैभन्दा बढी जोड दिइएको पाइन्छ । साथै बोध र ज्ञान तहको अभ्यासले पनि प्रथमिकता पाएको देखिन्छ ।

१०. पढाइ र लेखाइ सीप (७५) को साथै सुनाइ र बोलाइ सीप (२५) को परीक्षण गर्नुपर्ने भएकोले विद्यार्थीहरूमा भाषाका चार वटैसीपको विकासमा सहयोग पुऱ्याउने प्रयास गरिएको देखिन्छ ।

### *दुर्वल पक्षहरू*

१. पाठको प्रकृति र विधागत विशेषतालाई ख्याल नगरी नमुना अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

२. पाठमा राखिएका रूपक विधामा पढाइ र बोलाइसीपको विकासमा कम ध्यान दिइएको पाइन्छ ।

३. पाठयक्रमले निर्धारण गरेका चार वटै भाषिक सीपलाई पाठुयपुस्तकमा समाविष्ट नमुना अभ्यासमा समावेश गरिए पनि सुनाइ र बोलाइ सीपका लागि पर्याप्त अभ्यासहरू समावेश नगरिएको पाइन्छ ।

४. वर्णविन्यास सम्बन्धी अभ्यासलाई व्याकरण शीर्षक अन्तर्गत नै राख्नुपर्नेमा यस पाठ्यपुस्तकमा नराखिएको देखिन्छ ।

५. पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको कमि रहेको देखिन्छ ।

६. अनेकार्थक, पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक शब्दहरू सम्बन्धी अभ्यासहरू ज्यादै न्यूनमात्रामा रहेको देखिन्छ ।

७. पाठको प्रकृति अनुसार अभ्यासहरू नराखिएकाले शिक्षक विद्यार्थी अल्मलिन सक्ने देखिन्छ ।

८. पूरानो नेपाली भाषा पाठ्यपुस्तक (२०६४) को तुलनामा परिमार्जित पाठ्यपुस्तक (२०७४) मा केही थप व्याकरणका अभ्यासहरू समावेश गरिए पनि पर्याप्त नरहेको देखिन्छ ।

९. कविता विधालाईरुचिपूर्ण बनाउन कविता प्रतियोगिता, कवि सम्मेलन गर्ने जस्ता अभ्यासलाई समावेश नगरिएको पाइन्छ ।

१०. व्याकरण अन्तर्गत पदसङ्गति, भाव/ अर्थ, कारक र विभक्तिसँग सम्बन्धित अभ्यासहरू ज्यादै न्यून मात्रामा रहेको पाइन्छ ।

### सुझावहरू

पाठ्यक्रम अनुरूप उपयुक्त नमुना अभ्यासहरूको संयोजन गरी भाषिक सीप विकासमा प्रभावकारी रूपले पाठ्यपुस्तकलाई उपयोगी बनाउनका लागि विभिन्न तहमा रहेका व्यक्तित्त्वहरूले

अझ क्रियाकलापमुखी र रुचिकर बनाउनुपर्ने देखिन्छ । यहाँ पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

### *नीतिगत तहका लागि सुझाव*

१.पाठको प्रकृति र विधागत विशेषतालाई ख्याल गरी नमुना अभ्यासहरू समावेश गर्नुपर्दछ जस्तै : कथा मूल पाठ भएको अभ्यासमा जीवनी लेखनको प्रश्न नदिई कथा सम्बन्धी नै अभ्यास दिनुपर्दछ ।

२. भाषिक सीपको विकासका लागि भाषाका चार वटैसीपलाई समानुपातिक रूपमा समावेश गर्नुपर्ने देखिन्छ ।

३. पाठ्यपुस्तकमा वर्णविन्यास सम्बन्धी अभ्यासलाई व्याकरण शीर्षक अन्तर्गत नै राख्नु उपयुक्त हुन्छ ।

४. पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू थप समावेश गर्नुपर्दछ ।

५. रूपक विधा शिक्षणको मूल उद्देश्य मौखिक अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ सीप सम्बद्ध अभ्यासहरू थप समावेश गर्नुपर्ने देखिन्छ ।

६. अनेकार्थक, पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक, उखान टुक्का सम्बन्धी अभ्यासहरूलाई पर्याप्त मात्रामा समावेश गर्नुपर्ने देखिन्छ ।

७ कविता विधालाई रुचिपूर्ण बनाउन कविता प्रतियोगिता, कवि सम्मेलन जस्ता निर्देशनका अभ्यासलाई समेट्नुपर्ने देखिन्छ ।

८. अभ्यासमा वैयक्तिक रुचि क्षेत्रलाई समेट्न सक्ने अभ्यासहरू समावेश गर्नुपर्ने देखिन्छ ।

९. सबै स्तरका विद्यार्थीहरूको बौद्धिक स्तर ख्याल गरी नमुना अभ्यासको संयोजन गर्नुपर्ने देखिन्छ ।

### *अभ्यास तहका लागि सुझाव*

अभ्यास तहका लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

१. कक्षामा शिक्षकले शिक्षण गर्दा आफू सहजकर्ताका रूपमा रही विद्यार्थीहरू बीचमा नै छलफल र अभ्यास गराउँदा उपयुक्त हुने देखिन्छ ।

२. शब्दार्थ शिक्षण गर्दा शब्दकोशको प्रयोग गर्नु आवश्यक देखिन्छ ।

३. सिर्जनात्मक अभ्यासमा राखिएका नमुना अभ्यास गराउँदा विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गरी सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याउने भएकोले सिर्जनात्मक कार्यहरूमा उनीहरूलाई उत्प्रेरित गर्नुपदर्छ ।

४. समूहकार्य गर्ने खालका अभ्यासहरू गराउँदा विद्यार्थीहरूको लागि उपयुक्त सिकाइको वातावरण निर्माण गर्नेपर्दछ ।

५. शिक्षण एउटा कला भएकाले प्रभावकारी शिक्षणबाट नै विद्यार्थीहरूको भाषिक सीप विकास हुने भएकोले दक्ष र तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नुपर्दछ ।

६. शब्दार्थ सूचीमा रहेका शब्दहरूको शिक्षण गर्दा ती शब्दबाट विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउँदा प्रभावकारी हुने देखिन्छ ।

*अनुसन्धान तहका लागि*

भावी अनुसन्धान गर्ने व्यक्तिहरूका लागि सम्भावित शीर्षकहरू निन्न अनुसार रहेका छन् :

१. पाठ्यक्रम २०७१ अनुरूपताका आधारका आधारमा कक्षा नौको पाठ्यपुस्तक २०७४ मा समाविष्ट नमुना अभ्यासको अध्ययन

२. कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक २०६४ र पाठ्यपुस्तक २०७४ मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन ।

३. कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यास सम्बन्धी सयस्याको अध्ययन ।

४. माध्यमिक तहको नेपाली शिक्षण गर्दा आउने समस्याको अध्ययन ।

५.कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन ।

६. कक्षा ९ र दसको पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०७३), *शिक्षा सम्बन्धी आधारभूत ज्ञान,* काठमाडौँ : आशीष बुक हाउस प्रा.लि. ।

खनाल, पवित्रा (२०६३), *कक्षा ६ का हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., कीर्तिपुर ।

खतिवडा, कोमलप्रसाद (२०६६), *कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

खतिवडा, फाल्गुणप्रसाद (२०६९), *भाषिक सीप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

घिमिरे, कृष्णप्रसाद (२०५५), *निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासको अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँः एम्.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

न्यौपाने, हिमाल (२०५७), *कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), *माध्यमिक शिक्षा पाठ्यक्रम,* काठमाडौँ : लेखक ।

पोखरेल, लावण्यमणि (२०७३), *कक्षा छको नेपाली पाठ्यपुस्तक (२०७१) मा समाविष्ट व्याकरणको अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

पौड्ेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौँः हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, केशव (२०६७), *कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

भण्डारी, पारसमणि र सालिकराम पौड्याल (२०७०), *सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञान ( तेस्रो संस्करण),* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, देवीप्रसाद (२०६९), *शैक्षिक मनोविज्ञान,* काठमाडौँः क्वेस्ट पब्लिकेशन प्रा.लि. ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७२), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, निर्मला (२०७३), *कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* (स्नातकोत्तर तह, शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।